# नीलकण्ठ नगरपालिकाको
# सहकारी नियमावली, २०८२

स्वीकृत भएको मितिः२०८२/०७/२३

**प्रस्तावनाः**

नीलकण्ठ नगरपालिकाको सहकारी ऐन, २०७४ को दफा १०१ ले दिएको अधिकार प्रयोग गरी नीलकण्ठ नगरपालिकाको नगर कार्यपालिकाले देहायको नियमावली बनाएको छ।

## परिच्छेद – १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "नीलकण्ठ नगरपालिकाको सहकारी नियमावली, २०८२" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा

(क) "प्रमुख" भन्नाले नीलकण्ठ नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले नीलकण्ठ नगरपालिकको सहकारी ऐन, २०७४ सम्झनु पर्छ।

(ग) "ऋण" भन्नाले चल अचल सम्पत्ति धितो बन्धक वा अन्य आवश्यक सुरक्षण वा जमानत लिई वा नलिई सहकारी संस्थाले सदस्यहरुलाई दिइएको ऋणको साँवा ब्याज र हर्जना रकम सम्झनुपर्छ।

(घ) "कार्यपालिका" भन्नाले नीलकण्ठ नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्छ।

(ङ) "दर्ता गर्ने अधिकारी" भन्नाले ऐनको दफा ६९ बमोजिम दर्ता गर्ने अधिकारी सम्झनुपर्छ।

(च) "नगरपालिका" भन्नाले नीलकण्ठ नगरपालिका सम्झनुपर्छ।

(छ "विनियम" भन्नाले सहकारी संस्थाको विनियम सम्झनुपर्छ।

(ज) "विषयगत समिति" भन्नाले नीलकण्ठ नगरपालिका नगर कार्यपालिका अन्तर्गत सहकारीसँग सम्वद्ध विषयगत समिति सम्झनुपर्छ।

(झ) "समिति" भन्नाले ऐनको दफा ३० बमोजिमको सञ्चालक समिति सम्झनुपर्छ।

(ञ) "व्यवस्थापक" भन्नाले सहकारी संस्थाको व्यवस्थापक सम्झनुपर्छ र सो शब्दले प्रबन्धकलाई समेत जनाउँछ।

(ट) "संस्थागत पूँजी" भन्नाले सहकारी संस्था वा सहकारी सङ्घको पछिल्लो आर्थिक वर्षको जगेडा कोष र घाटापूर्ति कोषको रकम सम्झनुपर्छ।

(ठ) "साधारण सभा" भन्नाले सहकारी संस्थाको साधारण सभालाई सम्झनु पर्छ।

भीमप्रसाद ढुंगाना
नगर प्रमुख

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी, धादिङ
बागमती प्रदेश, नेपाल

## परिच्छेद – २

## संस्था गठन दर्ता तथा सञ्चालन

३. **संस्थाको गठन** : (१) ऐनको दफा ३ को उपदफा (३) बमोजिम पेशागत सङ्गठनका आधारमा संस्था गठन गर्दा देहायका सर्त पूरा भएको हुनुपर्छः-

(क) कानून बमोजिम दर्ता भएको पेसागत सङ्गठनका सदस्यहरु मात्र सदस्य हुनुपर्नेछ।

(ख) संस्थाको कार्यक्षेत्र बढीमा नगरपालिका क्षेत्रभर हुनुपर्ने।

(ग) नगरपालिका क्षेत्रभित्र आफ्नो पेशागत संङ्गठनको एउटा प्रारम्भिक संस्था गठन भएको हुनुपर्ने।

२) उपनियम (१ बमोजिमको संस्था दर्ता सम्बन्धित पेशागत सङ्गठनको सिफारिस संलग्न गर्नुपर्नेछ।

(३) एक सय जनाभन्दा कम कर्मचारी शिक्षक वा प्राध्यापकहरु कार्यरत रहेको कार्यालयमा संस्था गठन गर्दा त्यस्तो कार्यालयमा कम्तिमा तीस जनाको स्थायी दरवन्दी स्वीकृत भई कार्यरत रहेको हुनुपर्नेछ।

(४) यस नियम बमोजिम दर्ता भएको संस्थाले देहायका कार्यहरु मात्र गर्न सक्नेछः-

(क) सदस्यबाट विनियममा तोकिएको सीमासम्मको मासिक बचत गर्ने।

(ख) खण्ड क बमोजिमको संङ्कलित बचत रकम सदस्यहरुलाई ऋण वा सापटीको रुपमा परिचालन गर्ने।

(ग) सदस्यहरुको बौद्धिक विकास, कला एवम् साहित्यको क्षेत्रमा रचनात्मक कार्य गर्ने।

४. **बचत तथा ऋण सहकारी संस्थाको दर्ताको आधार**: (१) नगरपालिका वा वडामा कम्तिमा दुई हजार जनसंख्यामा एउटा संस्थामा नबढ्ने गरी बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्था दर्ता गर्न सकिनेछ।

(२) उपनियम (१) बमोजिम संस्थाको संख्या निर्धारण गर्दा नगरपालिकाभित्र कार्यक्षेत्र भएका बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाहरुको आधार लिइनेछ।

(३) उपनियम (१) वा (२) बमोजिमको आधारमा बढी संङ्ख्यामा भएका बचत तथा ऋणको कारोबार गर्ने संस्थाहरु नियम ३० बमोजिम तीन वर्षभित्र एकीकरण गर्नुपर्नेछ।

५. **संस्था दर्ताका लागि पेश गर्नुपर्ने विवरण** : ऐनको दफा ६ को उपदफा (४) बमोजिम संस्था दर्ता हुनेछन्:-

(क) ऐनको दफा ५ को उपदफा (२) खण्ड (ख) बमोजिम अनुसूची-१ को ढाँचामा सहकारी संस्था सञ्चालनको सम्भाव्यता अध्ययन प्रतिवेदन,

भीमप्रसाद ढुंगाना
नगर प्रमुख

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी, धादिङ
बागमती प्रदेश, नेपाल

(ख) ऐनको दफा ५ को उपदफा (२) खण्ड (ग) बमोजिम अनुसूची-२ को ढाँचामा सदस्यले लिन स्वीकार गरेको शेयर संख्या र शेयर रकमसहित आवेदकको विवरण,

(ग) अनुसूची -३ को ढाँचामा संस्थाको भावी योजना र कार्यक्रम अर्थात् व्यावसायिक कार्ययोजना,

(घ) कम्तीमा दुईवटा प्रारम्भिक भेलाको निर्णयहरु,

(ङ) अनुसूची -४ को ढाँचामा सदस्यबाट शेयर पुँजी तथा प्रवेश शुल्कबापत सङ्कलित रकमको भरपाई,

(च) अनुसूची -५ को ढाँचामा तदर्थ सञ्चालक समितिका सदस्यको विवरण,

(छ) अनुसूची -६ को ढाँचामा स्वघोषणा पत्र,

(ज) अनुसूची -७ को ढाँचामा अधिकार प्रत्यायोजनपत्र,

(झ) आवेदकहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ञ) पेसागत सङ्गठनको आधारमा दर्ता हुने संस्थाको हकमा त्यस्तो पेसागत सङ्गठनको आवद्धताको परिचयपत्रको प्रतिलिपि,

(ट) संस्थाको कार्यक्षेत्रभित्र बसोबास गरेको पुष्ट्याइँ हुने प्रमाण कागजात,

(ठ) शेयर पुँजी तथा प्रवेश शुल्कबापत सदस्यहरुबाट सङ्कलित रकम बैङ्क वा वित्तीय संस्था सम्बन्धी प्रचलित कानुनबमोजिम "क" वर्गको इजाजत प्राप्त बैङ्क वा राष्ट्रिय सहकारी बैङ्कमा खाता खोली रकम जम्मा गरेको भौचर,

(ड) अनुसूची -८ बमोजिम आवेदक सङ्घ वा सस्थाको विवरण,

(ढ) अनुसूची -९ बमोजिमको ढाँचामा जारी भएको सम्बन्धित वडा कार्यालयको सिफारिस ।

६. **सहकारी संस्थाको कार्यक्षेत्रः** (१) ऐनको दफा ९ को उपदफा (२) बमोजिम संस्थाको कार्यक्षेत्र विस्तार गर्दा देहायबमोजिमको प्रक्रिया पूरा भएको हुनुपर्नेछः-

(क) मौजुदा कार्यक्षेत्रमा संस्थाको सदस्यता एवम् सेवा विस्तारको लेखाजोखा गरिएको,

(ख) थप गरिने कार्यक्षेत्रमा संस्थाको सेवा माग भएको,

(ग) ऐनको दफा २२ को उपदफा (१) विपरीत दोहोरो सदस्यता हुने अवस्था नरहेको सुनिश्चित गरिएको,

(घ) विनियम संशोधनको प्रक्रिया पूरा भएको,

(२) ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेको संस्थाहरुको कार्यक्षेत्र कायम गर्ने प्रयोजनको लागि त्यस्ता संस्थाहरुले उपनियम१(क) बमोजिम पेस गर्ने लेखाजोखा प्रतिवेदनमा ऐनको दफा ९(२) मा उल्लिखित सर्तहरुको अतिरिक्त देहायका विवरणसमेत संलग्न गर्नुपर्नेछ।

भीमप्रसाद ढुंगाना
नगर प्रमुख

गल्छी/गजुरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी, धादिङ
बागमती प्रदेश, नेपाल

(क) मौजुदा कार्यक्षेत्रमा संस्थाका शाखा कार्यालय, सेवा केन्द्र वा सम्पर्क केन्द्र अनुसारको सञ्चालन खर्च, कारोवार र नाफा नोक्सानको विवरण,

(ख) मौजुदा कार्यक्षेत्रको वडा अनुसार सदस्यहरुको नाम, थर, ठेगाना, शेयर र बचतको विवरण,

(ग) मौजुदा कार्यक्षेत्रमा संस्थाले सञ्चालन गरेका उद्योग, लगानी र व्यावसायिक सेवा तथा सुविधाहरुको विवरण ।

(३) ऐनको दफा ९ को उपदफा (३) बमोजिम संस्थाको मौजुदा कार्यक्षेत्रभित्रको वडा झिकिने कार्यक्षेत्र भरको गरी जम्मा सदस्य संख्याको पन्ध्र प्रतिशतभन्दा कम सदस्य संख्या भएको हुनुपर्नेछ।

७. **विषय परिवर्तनसम्बन्धी व्यवस्था**: (१) कुनै सहकारी संस्था वा सङ्घका सदस्यहरुले आफ्नो व्यावसायिक आवश्यकताका आधारमा दर्ता हुँदाको बखतको विषय परिवर्तन गर्न चाहेमा साधारण सभामा कायम रहेको कुल सदस्य संख्याको बहुमतबाट निर्णय गराई सोही बमोजिम संस्थाको विनियममा समेत संशोधन गरी सोको स्वीकृतिको लागि दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम विषय परिवर्तनको लागि विनियम संशोधन गर्दा प्रचलित ऐन तथा यस नियमावलीको अधीनमा रही देहायका सर्त पूरा भएको हुनुपर्नेछः-

(क) परिवर्तन हुन माग भएको विषयको औचित्य र उपादेयता पुष्टि गर्ने ठोस आधार,

(ख) कार्यक्षेत्रमा विषय परिवर्तन गर्न चाहेको विषयगत क्षेत्रमा काम गर्ने संस्थाहरुको अभाव भएको सम्बन्धित वडाको सिफारिस,

(ग) संस्थाले हाल सम्पादन गरिरहेका कार्यहरुमध्ये विशिष्टीकृत सस्थाको रुपमा कार्य गर्ने ठोस योजना (बचत तथा ऋणमा बाहेक)

(घ) यस उपनियम बमोजिमका सर्तहरु साधारण सभामा पेस गरी पारित भएको प्रमाण।

(३) उपनियम (१) बमोजिम कुनै निवेदन प्राप्त भएमा दर्ता गर्ने अधिकारीले आवश्यक जाँचबुझ गरी संशोधन गरिएको विषय परिवर्तन गर्न पेस भएको विनियम स्वीकृत गर्नुपर्नेछ।

८. **कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालनका आधार**: (१) ऐनको दफा १२ को उपदफा (१) र (२) बमोजिम एकै वा फरक प्रकृतिका दुई वा दुईभन्दा बढी संस्था वा सङ्घले अन्तर सहकारी सहयोगको भावनाले संयुक्त वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको बजारीकरणका लागि देहायबमोजिमका आधारमा कारोबार,व्यवसाय उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछन्:-

(क) सम्बन्धित संस्थाका सदस्यहरुको आवश्यकतामा आधारित उत्पादनको मूल्य श्रृङ्खला विकास, बजार पहुँच वा निर्यात प्रबन्धको प्रयोजन हुनुपर्ने,

भीमप्रसाद ढुंगाना
नगर प्रमुख

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी, धादिङ
बागमती प्रदेश, नेपाल

(ख) प्रस्तावित कारोबार, व्यवसाय, उद्योग वा परियोजनाको स्वामित्व, स्रोत परिचालन, सञ्चालन विधि, सदस्यहरुको लोकतान्त्रिक नियन्त्रण प्रणाली, प्रतिफल वितरणलगायत व्यावसायिक प्रस्तावनाको विस्तृत रुपरेखा तयार गरिएको हुनुपर्ने ,

(ग) खण्ड (ख) बमोजिमको प्रस्तावना सम्बद्ध संस्थाहरु प्रत्येकको साधारण सभाको कायम रहेको कुल सदस्य संख्याको बहुमतबाट पारित भएको हुनुपर्ने,

(घ) खण्ड (ख) बमोजिमको पारित प्रस्तावना संयुक्त रुपमा वा साझेदारीमा कार्यान्वयन गर्ने सम्बन्धमा सम्बद्ध संस्थाहरुबीच कम्तीमा पाँच वर्षको करार बन्दोबस्त भएको हुनुपर्ने,

(ङ) प्रस्तावित संयुक्त वा साझेदारी कारोबार व्यवसाय, उद्योग वा परियोजना सम्भाव्यता अध्ययनबाट परियोजना सम्भाव्य देखिनुपर्ने,

(च) स्थानीय तह वा अन्य निकायमा प्रस्तावित संयुक्त वा साझेदारी व्यवसाय दर्ता गर्नुपर्ने भए सो बमोजिम गरिएको हुनुपर्ने हुनुपर्ने,

(छ) प्रस्तावित संयुक्त वा साझेदारी व्यवसाय सञ्चालन गर्नका लागि कुनै निकायबाट अनुमतिपत्र, स्वीकृत वा इजाजतपत्र लिनुपर्ने भएमा सो लिएको हुनुपर्ने।

(२) उपनिपयम (१) बमोजिमको कार्य सम्पन्न गरी सम्बन्धित संस्था वा सङ्घले तत्सम्बन्धी सम्पूर्ण कागजात संलग्न राखी दर्ता गर्ने अधिकारीसमक्ष निवेदन दिनुपर्नेछ।

(३) उपनियम (२) बमोजिम प्राप्त निवेदनउपर दर्ता गर्ने अधिकारीले आवश्यक जाँचबुझ गरी एक्काइस दिन भित्र संयुक्त वा साझेदारीमा कारोबार, उद्योग वा परियोजना सञ्चालन सम्बन्धमा सरोकारवालालाई जानकारी दिनुपर्नेछ।

(४) उपनियम (३) बमोजिम अनुमति दिएको जानकारीको छुट्टै अभिलेख राख्नुपर्नेछ।

(५) यस नियमबमोजिम अनुमति पाएको संयुक्त वा साझेदारीमा कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्ने संस्था वा सङ्घले दर्ता गर्ने अधिकारीले तोकेबमोजिमको ढाँचामा नगरपालिकाको सहकारी विभागसमक्ष नियमित रूपमा प्रगति विवरण र वार्षिक लेखापरीक्षण प्रतिवेदन पेस गर्नुपर्नेछ।

९. **उत्पत्तिको प्रमाणपत्र जारी गर्ने प्रक्रिया र आधार** : नियम ८ को उपनियम (१) बमोजिम संस्था वा सङ्घले उत्पादन गरेका वस्तुहरूको उत्पत्तिको प्रमाणपत्र जारी गर्ने प्रक्रिया र आधार देहायबमोजिम हुनेछः-

(क) सम्बन्धित उत्पादक संस्था वा सङ्घको संयन्त्रबाट निर्धारित अनुपातमा मूल्य अभिवृद्धि गरेको सुनिश्चित गरिएको हुनुपर्ने,

(ख) सम्बन्धित उत्पादक संस्था वा सङ्घबाट उत्पादित वस्तुको गुणस्तर सुनिश्चित गर्न आवश्यक कार्यविधि, जनशक्ति विकास तथा गुणस्तर परीक्षण संयन्त्र स्थापना गरिएको हुनुपर्ने,

भीमप्रसाद ढुंगाना
नगर प्रमुख

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी, धादिङ
बागमती प्रदेश, नेपाल

(ग) उत्पादनमा प्रयुक्त प्रविधि अवलम्बन सुनिश्चित गर्न निर्धारित कार्यविधि, सदस्य शिक्षा, अभिलेखलगायतका निर्धारकहरूको परिपालना हुने गरी सम्बन्धित संस्था वा संघबाट आवश्यक संयन्त्र र प्रक्रियाहरू स्थापित गरिएको हुनुपर्ने,

(घ) प्रचलित कानून बमोजिम सम्बन्धित उत्पादक संस्था वा सङ्घबाट उत्पादित वस्तुको परिमाण, समय र स्थलको अभिलेख एवम् प्रमाणीकरण गर्ने भरपर्दो पद्धति लागु गरिएको हुनुपर्ने ।

१०. **संस्थाको विनियमः** सहकारी संस्थाले विनियम बनाउँदा अनुसूची -१० मा उल्लिखित विषयहरू समावेश गर्नुपर्नेछ।

## परिच्छेद-३

## सङ्घको गठन, दर्ता तथा सञ्चालन

११. **सङ्घको गठनः** (१) ऐनको दफा ९८ बमोजिम सहकारी व्यवसायको विकास, प्रवर्द्धन तथा बजारीकरण लगायतका कार्यमा टेवा पुर्‍याउन ऐनको दफा ६ बमोजिम दर्ता भएका र नगरपालिका कार्यक्षेत्र भई सञ्चालनमा रहेका सबै प्रकृतिका कम्तिमा पच्चीस वटा संस्था मिली नीलकण्ठ नगरपालिका सहकारी सङ्घ गठन गर्न सक्नेछन्।

(२) उपनियम (१) बमोजिम सङ्घ गठन गर्दा पचास प्रतिशत भन्दा बढी विषयगत सहकारी संस्था समावेश गरिएको हुनुपर्दछ।

(३) सङ्घ दर्ताका लागि दरखास्त दिँदा देहायका कागजात तथा विवरणहरू संलग्न गनुपर्नेछः-

(क) अनुसूची-२ बमोजिमको ढाँचामा सदस्यले लिन स्वीकार गरेको शेयर संख्या र शेयर रकमसहित आवेदकको विवरण,

(ख) अनुसूची-३ को ढाँचामा संस्थाको भावी योजना र कार्यक्रम अर्थात् व्यावसायिक कार्ययोजना,

(ग) प्रारम्भिक भेलाका निर्णयहरू,

(घ) अनुसूची-४ को ढाँचामा सदस्यबाट शेयर पूँजी तथा प्रवेश शुल्कबापत सङ्कलित रकमको भरपाई,

(ङ) अनुसूची-५ को ढाँचामा तदर्थ सञ्चालक समितिका सदस्यको विवरण,

(च) अनुसूची-६ को ढाँचामा स्वघोषणा पत्र,

(छ) अनुसूची-७ को ढाँचामा अधिकार प्रत्यायोजन पत्र,

(ज) अनुसूची-८ बमोजिम आवेदक सङ्घ वा संस्थाको विवरण,

(झ) संस्थाको कार्यक्षेत्रभित्र बसोबास गरेको पुष्ट्याइँ हुने प्रमाण कागजात

(ञ) शेयर पूँजी तथा प्रवेश शुल्कबापत सदस्यहरूबाट सङ्कलित रकम बैङ्क वा वित्तीय संस्था सम्बन्धी प्रचलित कानुनबमोजिम 'क' वर्गको इजाजत प्राप्त बैङ्क वा राष्ट्रिय सहकारी बैङ्कमा खाता खोली रकम जम्मा गरेको भौचर।

भीमप्रसाद ढुंगाना
नगर प्रमुख

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी, धादिङ
बागमती प्रदेश, नेपाल

(४) नीलकण्ठ नगरपालिकाभित्र रहेका सहकारी सङ्घ संस्थाहरूको विकास र प्रवर्धनका लागि देहायका कार्यहरू गर्नुपर्नेछ:-

(क) आर्थिक विकास गर्न सहकारीका मूल्य र सिद्धान्तहरूको प्रवर्धन गर्ने,

(ख) सहकारी संस्थाहरू बीच सहकार्य, सहयोग, समन्वय र एकताको भावनाको विकास गर्ने,

(ग) राष्ट्रिय सहकारी दिवस आयोजनाको लागि संयोजन गर्ने,

(घ) नगर क्षेत्रभित्र रहेका सबै सहकारी संस्थाहरूलाई सदस्यता विस्तार गर्ने,

(ङ) पूर्व सहकारी शिक्षा तथा आधारभूत सहकारी शिक्षा सम्बन्धी तालिम कार्यक्रमहरू सञ्चालन गर्ने,

(च) सहकारीप्रति जनचेतना अभिवृद्धि गर्न स्थानीय स्तरमा सहकारी जागरणका कार्यक्रमहरू सञ्चालन गर्ने,

(छ) सहकारी सूचना व्यवस्थापन र प्रसारणको व्यवस्था मिलाउने,

(ज) संस्थाहरू बीच सिर्जित समस्याहरू समाधान गर्न मध्यस्थको भूमिका निर्वाह गर्ने,

(झ) संस्थाहरू बीच देखिने अस्वस्थ प्रतिस्पर्धा न्यून गर्न पहल गर्ने,

(ञ) स्वस्थ र सक्षम सहकारी संस्थाहरूको विकासका लागि एकीकृत कार्यक्रमहरू सञ्चालन गर्ने,

(ट) व्यवसाय प्रवर्धनका लागि समन्वयको भूमिका निर्वाह गर्ने,

(ठ) वस्तु तथा सेवाको उत्पादनमा प्राविधिक सेवा उपलब्ध गराउने,

(ड) संस्थाहरूमा स्व अनुशासन कायम गराउन अनुगमन गरी सुधारका लागि सुझाव दिने,

(ढ) सहकारी शिक्षा र सूचनाको प्रवर्धन गर्ने,

(ण) सहकारी संस्थाको समस्या समाधान गर्न, गराउन पहल गर्ने,

(त) संस्था सञ्चालनमा देखिएका कमजोर पक्षहरूमा सुधारका लागि नेतृत्व लिने र

(थ) दर्ता गर्ने अधिकारीले तोकेका अन्य कार्यहरू गर्ने।

(७) नगरपालिका सहकारी सङ्घले गरेका कार्यहरूको वार्षिक प्रगति प्रतिवेदन नगरपालिका सहकारी शाखामा पेस गर्नुपर्नेछ।

(८) नगरपालिका र सङ्घले सहकार्य तथा साझेदारीमा कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछन् ।

## परिच्छेद-४

## बैठक सञ्चालन सम्बन्धी व्यवस्था

१२. **समितिको बैठकः** सहकारी संस्थाको सञ्चालक समितिको बैठकसम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ:-

(क) समितिको बैठक अध्यक्षको निर्देशनमा सचिवले बोलाउनेछ।

(ख) समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ। तर, दुई बैठकबीचको अवधि पैतालीस दिनभन्दा बढी हुनुहुँदैन।

भीमप्रसाद ढुंगाना
नगर प्रमुख

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी, धादिङ
बागमती प्रदेश, नेपाल

(ग) बैठकको अध्यक्षता समितिको अध्यक्षले, निज उपस्थित नभएमा उपाध्यक्षले र निजसमेत अनुपस्थित भएमा सञ्चालकहरू मध्येबाट छानिएको सदस्यले गर्नेछ।

(घ) खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगर सहकारी सङ्घको हकमा भने दुई बैठकबिचको अवधि तीन महिनासम्म हुन सक्नेछ।

(ङ) खण्ड (ख) र (घ) को अवधिभित्र बैठक नबोलाइएमा बहुमत सदस्यले हस्ताक्षर गरी बैठक बोलाउन अध्यक्षसमक्ष लिखित अनुरोध गर्न सक्नेछन् र त्यस्तो अनुरोध प्राप्त भएमा अध्यक्षले सात दिनभित्र बैठक बोलाउनुपर्नेछ।

(च) खण्ड (ङ) बमोजिम बैठक नबोलाइएको अवस्थामा बहुमत सञ्चालक सदस्यहरू उपस्थित भई सञ्चालक समितिको बैठक बोलाउन सक्नेछन्।

(छ) खण्ड (च) बमोजिम बोलाइएको बैठकको अध्यक्षता उपस्थित सञ्चालकहरू मध्येबाट छानिएको सञ्चालकले गर्नेछ।

(ज) समितिको बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्तिका साथै बहुमत सञ्चालकबाट प्रमाणित गर्नुपर्नेछ।

(झ) समितिको बैठकको गणपूरक सङ्ख्या समितिको तत्काल कायम रहेको कुल सदस्य सङ्ख्याको बहुमत सदस्य सङ्ख्या हुनेछ ।

१३. **समितिको काम, कर्तव्य र अधिकारः** ऐनको दफा ३२ मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) संस्थाको समग्र कार्य सञ्चालनमा सदस्यहरूको रचनात्मक सहभागिता सुनिश्चित गर्ने,

(ख) सदस्यहरूलाई नियमित रूपमा सहकारी शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउने,

(ग) ऐन तथा यस नियमावलीबमोजिम हुने निरीक्षण, अनुगमन कार्यमा सहयोग पुर्याउनुका साथै प्राप्त निर्देशनहरूको कार्यान्वयनको व्यवस्था मिलाउने,

(घ) लेखा सुपरिवेक्षण समितिबाट प्राप्त सुझावहरू कार्यान्वयन गर्ने गराउने,

(ङ) संस्थाको कार्य सञ्चालनमा पारदर्शिता कायम राखी सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी प्रचलित कानुनबमोजिमका व्यवस्थाहरूको कार्यान्वयन गर्ने गराउने,

(च) आवश्यकतानुसार उपसमितिहरू गठन गर्ने, विघटन गर्ने तथा जिम्मेवारी तोक्ने,

(छ) सदस्य तथा पदाधिकारीहरूका लागि विभागबाट जारी भएको नमुना बमोजिम आचार संहिता बनाई लागु गर्ने,

(ज) विनियममा उल्लिखित अन्य कार्यहरू गर्ने,

(झ) एकाघर परिवारको कर्मचारी सहकारी संस्थामा नरहेको सुनिश्चित गर्ने र

(ञ) नगरपालिका सहकारी शाखाले तोकेको अन्य कार्य गर्ने।

भीमप्रसाद ढुंगाना
नगर प्रमुख

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी, धादिङ
बागमती प्रदेश, नेपाल

१४. **तदर्थ समितिको गठनः** (१) ऐनको दफा ३६ को उपदफा (३) बमोजिम समिति विघटन भएमा संस्थाको दैनिक कार्य सञ्चालन गर्न र अर्को समितिको निर्वाचन गराउन दर्ता गर्ने अधिकारीले सदस्यहरू मध्येबाट सात जनाको एक तदर्थ समिति गठन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम तदर्थ समिति गठन गर्दा देहायबमोजिमका आधार लिनुपर्नेछः-

(क) सदस्यको नाममा संस्थालाई तिर्नुपर्ने भाखा नाघेको ऋण वा अन्य बाँकी बक्यौता रहेको हुन नहुने,

(ख) एकै परिवारका एकभन्दा बढी सदस्यहरू समितिमा रहेको हुन नहुने,

(ग) साविकमा कायम रहेको समितिको सदस्य वा त्यस्तो परिवारको सदस्य हुन नहुने र

(घ) उपलब्ध भएसम्म जम्मा सदस्यको कम्तिमा तेत्तिस प्रतिशत महिला हुनुपर्ने।

१५. **लेखा सुपरिवेक्षण समितिका पदाधिकारीको योग्यताः** ऐनको दफा ३७ को उपदफा (१) बमोजिमको लेखा सुपरिवेक्षण समितिको संयोजक तथा सदस्य हुन देहायबमोजिमको योग्यता पुगेको हुनुपर्नेछ

(क) सम्बन्धित सहकारी संस्थाको सदस्यता लिएको कम्तीमा तीन वर्ष पूरा भएको, तर, प्रारम्भिक साधारण सभाबाट निर्वाचित हुने लेखा समितिका संयोजक तथा सदस्यहरूको हकमा यो खण्ड लागु हुनेछैन।

(ख) संस्थालाई तिर्नु, बुझाउनुपर्ने बेरुजु वा भाखा नाघेको कर्जा वा बक्यौता रकम नरहेको र

(ग) सम्भव भएसम्म लेखासँग सम्बन्धित विषय लिई अध्यय गरेको वा संस्थाले आफैं वा अन्य निकायको तर्फबाट आयोजना गरिएको लेखापालन लेखापरीक्षणसम्बन्धी तालिम लिएको।

## परिच्छेद ५

## बचत तथा ऋणको परिचालन

१६. **सदस्यको रकम फिर्ताः** (१) सदस्यले सदस्यता त्याग गरेको अवस्थामा ऐनको दफा ४३ को उपदफा (१) बमोजिम निजले पाउनुपर्ने देहायको रकम सदस्यता त्याग गरेको आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन पारित भएको तिस दिनभित्र सम्बन्धित संस्थाले निजलाई फिर्ता दिनुपर्नेछः-

(क) निजको शेयरको अङ्कित मूल्यबराबरको रकम,

(ख) निजले भुक्तानी लिन बाँकी शेयर लाभांशबापतको रकम र

(ग) निजले भुक्तानी लिन बाँकी संरक्षित पुँजी फिर्ताबापतको रकम।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्था घाटामा गएको अवस्थामा सञ्चित घाटाको रकम शेयर पुँजीबाट समानुपातिक रूपमा घटाई बाँकी रहेको हिसाबका आधारमा मात्र सदस्यलाई दिनुपर्ने रकम कायम गरी फिर्ता दिनुपर्नेछ।

(३) संस्थामा जम्मा गरेको बचत रकम सदस्यले मागेका बखत व्याँज सहित तुरुन्त फिर्ता दिनुपर्नेछ। तर, आवधिक बचतको रकम निर्धारित अवधि भुक्तान भएपश्चात् फिर्ता गर्नुपर्नेछ ।

भीमप्रसाद ढुंगाना
नगर प्रमुख

## परिच्छेद-६

## कोषसम्बन्धी व्यवस्था

**१७. संरक्षित पूँजीफिर्ता कोषबाट रकम वितरण गर्ने आधारः** (१) ऐनको दफा ४८ को उपदफा (३) बमोजिम संरक्षित पुँजीफिर्ता कोषबाट सदस्यलाई रकम वितरण गर्दा देहायबमोजिम वार्षिक कारोबारको आधार लिनुपर्नेछः-

(क) उत्पादक संस्थामा सदस्यले संस्थालाई बिक्री गरेको उपजको खरिद मूल्य,

(ख) वित्तीय संस्थामा सदस्यले जम्मा गरेको शेयर, बचत र लिएको ऋण रकममा तिरेको ब्याज,

(ग) उपभोक्ता सम्बन्धी संस्थामा सदस्यले संस्थासँग खरिद गरेको वस्तु वा सेवाको मूल्य,

(घ) श्रमिक सम्बन्धी संस्थामा सदस्यले संस्थाबाट प्राप्त गरेको ज्याला र

(ङ) बहुउद्देश्यीय संस्थामा खण्ड (क), (ख), (ग) र (घ) मा उल्लिखित आधारहरू ।

(२) उपनियम (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि उत्पादक संस्थाले सदस्यलाई आवश्यक सामग्री बिक्री गरेकोमा त्यस्तो कारोबारलाई समेत गणना गर्न सकिनेछ ।

(३) उपनियम (१) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऋणको भाखा नघाएको सदस्यलाई त्यस्तो ऋणमा तिरेको ब्याजको आधारमा संरक्षित पूँजी फिर्ता दिइनेछैन।

(४) उपनियम (१) को खण्ड (ख) बमोजिम कोषको रकम वितरण गर्न बचत रकमको लागि चालिस प्रतिशत र ऋणमा तिरेको ब्याज रकमको लागि साठी प्रतिशत भार दिई गणना गरिनेछ ।

(५) गत आर्थिक वर्षको कारोबारको संरक्षित पूँजीफिर्ता कोषको रकम चालु आर्थिक वर्षभित्र वितरण गरिसक्नुपर्नेछ।

(६) उपनियम (५) बमोजिम कुनै आर्थिक वर्षमा वितरण गरी बाँकी रहेको रकम सोही आर्थिक वर्षको अन्त्यमा जगेडा कोषमा सार्नुपर्नेछ।

(७) संरक्षित पूँजी फिर्ता सम्बन्धी अन्य व्यवस्था नगरपालिकाले निर्धारण गरेबमोजिम हुनेछ।

**१८. नगर सहकारी प्रवर्धन कोषः** (१) नगरपालिकाको कार्यक्षेत्रभित्रका सहकारीहरूको प्रवर्धन तथा संस्थागत क्षमता विकासको लागि एक नगर सहकारी प्रवर्धन कोष रहनेछ।

(२) उपनियम (१) बमोजिमको कोषमा देहायबमोजिमको रकम जम्मा हुनेछः-

(क) ऐनको दफा ४९ को उपदफा (१) बमोजिम प्राप्त हुने रकम,

(ख) नगरपालिकाले उपलब्ध गराउने रकम,

(ग) समस्याग्रस्त सहकारी व्यवस्थापनबापत नगरपालिकाले तोकेबमोजिम सम्बन्धित संस्थाबाट प्राप्त रकम र

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

भीमप्रसाद ढुंगाना
नगर प्रमुख

गैंडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपुर
गण्डकी प्रदेश, नेपाल

(३) कोषको सञ्चालन तथा कोषको रकम उपयोगसम्बन्धी व्यवस्था विषयगत समितिले तोकेबमोजिम हुनेछ।

**१९. अन्य कोषसम्बन्धी व्यवस्थाः** (१) सहकारी संस्थाको प्रत्येक वर्षको खुद बचतको रकमबाट कम्तीमा पच्चिस प्रतिशत रकम ऐनको दफा ४७ बमोजिम जगेडा कोषमा जम्मा गरी बाँकी रहेको रकमलाई शतप्रतिशत मानी सोबाट कम्तीमा पच्चिस प्रतिशत रकम ऐनको दफा ४८ बमोजिम संरक्षित पुँजीफिर्ता कोष र शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम ऐनको दफा ४९ बमोजिम नगर सहकारी प्रवर्द्धन कोषमा छुट्याएर बाँकी रहेको रकमलाई शतप्रतिशत मानी देहायबमोजिमका कोषहरूमा कम्तीमा पाँच र बढीमा पचपन्न प्रतिशतसम्मका दरले रकम छुट्याई वितरण गर्नुपर्नेछः-

(क) सहकारी शिक्षा कोष,

(ख) शेयर लाभांश कोष,

(ग) कर्मचारी बोनस कोष,

(घ) सहकारी विकास कोष,

(ङ) घाटापूर्ति कोष,

(च) सामुदायिक विकास कोष,

(छ) स्थिरीकरण कोष,

(ज) अन्य जोखिम व्यवस्थापन कोष र

(झ) सदस्य हित कोष।

(२) उपनियम (१) को खण्ड (ग) बमोजिमको कर्मचारी बोनस कोषबाट रकम वितरण गर्दा बढीमा तीन महिनाको तलबभन्दा बढी नहुने गरी रकम वितरण गर्नुपर्नेछ।

**२०. अभिलेख राखुपर्नेः** (१) संस्थाले ऐनको दफा ५१ को उपदफा (१) बमोजिमको अभिलेखका अतिरिक्त देहायबमोजिमको अभिलेखसमेत राखुपर्नेछः-

(क) आफूले गरेका कारोबारहरूको विवरण,

(ख) आवेदक सदस्यता दर्ता विवरण,

(ग) प्रारम्भिक साधारण सभा, साधारण सभा, विशेष साधारण सभा र समिति, लेखा सुपरिवेक्षण समिति, उपसमितिहरूका बैठकहरूको छुट्टाछुट्टै कारबाही किताब,

(घ) नगदी बही,

(ङ) सहकारी संस्थाले अन्य कुनै व्यक्ति वा संस्था वा सङ्घ वा निकायसँग कुनै कारोबार गरेको भए त्यस्तो कारोबार देखाउने दर्ता किताब,

(च) शेयर दर्ता किताब,

(छ) मालसामानको मौज्दात दर्ता किताब,

अभिषप्रसाद ढुंगाना
नगर प्रमुख

(ज) ऋण लेनदेन दर्ता किताब,

(झ) बेरुजु एवम् सम्परीक्षण खाता,

(ञ) आम्दानी, खर्च, सम्पत्ति र दायित्व सम्बन्धी अलग अलग खाता तथा सहायक खाताहरू,

(ट) हिसाव परीक्षण सूची, आयव्यय र स्थिति विवरणपत्र, र

(ठ) समय समयमा नगरपालिका सहकारी शाखाले तोकिदिएको अन्य अभिलेख एवम् खाताहरू।

(२) पाँच करोड रुपैयाँभन्दा बढी जायजेथा भएका सहकारी संस्थाले संस्थासँग सम्बन्धी विवरण तथा अभिलेखहरु अत्यावधिक गरी आफ्नो काम कारबाही र कारोबार एप्लिकेसन सफ्टवेयरमा समेत व्यवस्थित गर्नुपर्नेछ।

(३) सहकारी संस्थाले आफ्नो व्यावसायिक तथा वित्तीय कारोबार, सदस्यको विवरण, साधारण सभा, लेखा परीक्षण, सम्बन्धी विवरण, मासिक/त्रैमासिक र वार्षिक विवरण लगायत अन्य प्रतिवेदनहरु विभागले तोकेको सहकारी व्यवस्थापन सूचना प्रणालीमा समेत प्रविष्ट गर्नुपर्नेछ। तर, यसमा लेखिएको कुनै कुराले सदस्यको व्यक्तिगत विवरण लगायतका प्रचलित कानुनबमोजिम गोप्य रहने सूचना अलग्गै संरक्षण गर्न बाधा पुर्‍याएको मानिनेछैन।

(४) सहकारी संस्थाले आधारभूत अभिलेख तथा कारोबारको हिसाब किताब पृष्ठ सुरक्षा अर्थात् ब्याकअप व्यवस्थासहित संरक्षण गर्नुपर्नेछ।

## परिच्छेद-७

## छुट, सुविधा र सहुलियत

**२१. छुट, सुविधा र सहुलियतः** (१) ऐनको दफा ५७ को उपदफा (२) बमोजिम संस्थालाई सङ्घीय कानुनमा उल्लेख भए बाहेक अन्य छुट सुविधा र सहुलियत दिन सकिनेछ।

(२) उपदफा (१) बमोजिम सहकारी संस्थाले जग्गा जमिन लगायतका अचल सम्पत्ति खरिद गर्दा टिकट दस्तुर वा रजिष्ट्रेशन दस्तुर छुट, सुविधा वा सहुलियत प्राप्त गर्न सम्बन्धित संस्थाले देहायको विवरण सहित दर्ता गर्ने अधिकारीसमक्ष निवेदन दिनुपर्नेछः-

(क) रजिष्ट्रेसन दस्तुर छुट सुविधा लिई अचल सम्पत्ति खरिद गरेको भए जग्गाधनी प्रमाणपुर्जा र सम्बन्धित कागजातको प्रतिलिपि,

(ख) साधारण सभाको बैठकबाट घर जग्गा धनीको नामनामेसी, घर जग्गा रहेको ठेगाना, कित्ता नम्बर, क्षेत्रफल र मूल्यसमेत खुलाई खरिद सम्बन्धमा भएको निर्णयको प्रमाणित प्रतिलिपि,

(ग) अचल सम्पत्ति खरिदमा बचत रकम उपयोग नहुने र जगेडा कोष तथा शेयर पूँजीबाट खरिदगर्न पुग्ने लेखापरीक्षकबाट प्रमाणित वित्तीय विवरण,

भीमप्रसाद ढुंगाना
नगर प्रमुख

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी, धादिङ
बागमती प्रदेश, नेपाल

(घ) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएको भन्दा थप शेयर पूँजी र जगेडा कोषको रकमबाट खरिद गर्न खोजिएको भए पछिल्लो शेयर पूँजी, जगेडा कोष र बचत रकमको दर्तावाल लेखापरीक्षकले प्रमाणित गरेको वित्तीय विवरण, र

(ङ) सहकारी संस्थाको अनुगमन तथा निरीक्षण गर्दा कैफियत देखिई सुधारका लागि निर्देशन दिएको भए निर्देशन पालनाको अवस्था खुल्ने कागजात र सुधारको कार्ययोजना ।

(३) उपनियम (२) बमोजिम प्राप्त निवेदन जाँच गरी दर्ता गर्ने अधिकारीले छुट सुविधाको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

(४) नगरपालिकाले आफ्नो क्षेत्रभित्रका सहकारी वा विषयगत सहकारीका लागि सभाको निर्णयानुसार छुट सुविधा वा सहुलियत उपलब्ध गराउन सक्नेछ।

## परिच्छेद-८

## ऋण असुली तथा बाँकी बक्यौता

२२. **ऋण तथा बाँकी बक्यौता असुली**: (१) ऐनको दफा ५८ बमोजिम सहकारी संस्थाको ऋण र दफा ६१ बमोजिम सहकारी संस्थाको बाँकी बक्यौता असुलउपर गर्नुपर्ने व्यक्तिको जायजेथा लिलाम बिक्री गरी असुलउपर गर्दा सम्बन्धित सहकारी संस्थाले देहायको कार्यविधि अपनाउनुपर्नेछः-

(क) बाँकी बक्यौता तिर्नु/बुझाउनुपर्ने ठहर भएको व्यक्तिको नाममा बाटोको म्यादबाहेक पैंतिस दिनभित्र तिर्नु/बुझाउनुपर्ने रकम तिर्न/बुझाउन वा रकम तिरी/बुझाई सकेको भए त्यसको प्रमाण पेस गर्न आउनु भनि म्याद जारी गरी पठाउने,

(ख) खण्ड (क) बमोजिम म्याद जारी गरिएकोमा म्यादभित्र तिर्नु/बुझाउनुपर्ने रकम तिर्न, बुझाउन नआएमा वा तिरी/बुझाई सकेको प्रमाण पेस नगरेमा निजको नाममा लिलाम बिक्री गर्ने सूचना प्रकाशन गर्ने,

(ग) धितो राखेको घर जग्गा, जमिन, मालपोत कार्यालयबाट रोक्का नगराइएको भएमा रोक्का गर्न लगाई त्यसको प्रमाण राख्ने,

(घ) धितो राखेको चल अचल सम्पत्तिको लिलाम बिक्री गर्दा धितोको विवरण, निजले बुझाउनुपर्ने साँवा, ब्याज र हर्जनाको रकमसमेत उल्लेख गरी चल सम्पत्ति भए पन्ध्र दिन र अचल सम्पत्ति भए पैतीस दिनको म्याद दिई उक्त म्यादभित्र तिर्नु/बुझाउनुपर्ने रकम नबुझाएमा धितो लिलामबिक्री गरी साँवा, ब्याज र हर्जनाको रकम असुलउपर गरिने बारेको सूचना सम्बन्धित व्यक्तिलाई बुझाई संस्थाको कार्यालय, स्थानीय तहको सम्बन्धित वडा कार्यालय र सार्वजनिक स्थानमा टाँस्नुका साथै स्थानीय वा राष्ट्रिय स्तरको कुनै एक दैनिक पत्रिकामा सूचना प्रकाशन गर्ने,

तर, सम्बन्धित व्यक्तिलाई सूचना बुझाउन नसकिएको वा निज फेला नपरेको खण्डमा दैनिक पत्रिकामा प्रकाशित सूचनाबमोजिम लिलाम बिक्रीको प्रक्रिया अगाडि बढाउन बाधा पर्नेछैन।

भीमप्रसाद ढुंगाना
नगर प्रमुख

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी, धादिङ
बागमती प्रदेश, नेपाल

(ङ) धितो लिलाम बिक्री गर्दा कार्यालय खुल्ने समयदेखि सुरु गरी बन्द हुने समयभन्दा एक घण्टा अगाडि समाप्त गर्नुपर्ने तर लिलाम बिक्री हुने भनी तोकिएको दिन बिदा पर्न गएमा त्यसको भोलिपल्ट सोही स्थान र समयमा लिलाम बिक्री गर्नुपर्नेछ।

(च) धितो लिलाम बिक्री गर्दा लिलाम गरिने चल अचल सम्पत्ति रहेको सम्बन्धित वडाको प्रतिनिधि, मालपोत कार्यालय वा स्थानीय तहको मालपोत विषय हेर्ने कर्मचारी, सम्बन्धित विषयका प्राविधिक, सम्बन्धित संस्थाको व्यवस्थापकसहितको समितिले चलनचल्तीको मोल कायम गरी सोही रकमबाट डाँक बढाबढ गरी सुरु गर्नुपर्ने तथा डाँक बोल्न उपस्थित भई डाँक बढाबढ गर्ने व्यक्तिहरूमध्ये सबैभन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम बिक्री स्वीकृत गर्ने, तर सञ्चालक समितिका पदाधिकारी, लेखा सुपरिवेक्षण समितिका पदाधिकारी, उपसमितिका पदाधिकारी, सस्थामा कार्यरत कर्मचारी र निजका नजिकका नातेदारले डाँक बढाबढमा भाग लिन पाउने छैन।

(छ) डाँक बोल्न सुरु गरी बढाबढ गर्नेले डाँक अङ्क बोलेपछि संस्थाको विनियम वा आन्तरिक कार्यविधिमा तोकिएबमोजिमको ढाँचाको फाराममा निजले बोलेको अङ्क स्पष्ट खोली निजको सहीछाप गराउने।

(२) धितो नराखी व्यक्तिगत जमानी वा सामूहिक जमानीमा ऋण दिएको भए ऋणीको बैङ्क खाता रोक्का राखी वा निजको वा परिवारको नाममा रहेको अचल सम्पत्ति रोक्का राखी साँवा ब्याज र हर्जना असूलउपर गर्न सकिनेछ।

(३) उपनियम (२) बमोजिम ऋणीको चलअचल सम्पत्तिबाट साँवा ब्याज र हर्जना असुलउपर हुन नसकेमा जमानी बस्ने व्यक्तिको नाममा रहेको चलअचल सम्पत्ति रोक्का राखी असुलउपर गर्न सकिनेछ।

(४) उपनियम (१) बमोजिम लिलाम बिक्री गर्दा जिल्ला प्रशासन कार्यालय वा लिलाम बिक्री हुने ठाउँ नजिक कुनै सरकारी कार्यालय भए सो कार्यालय र वडा कार्यालयका प्रतिनिधिलाई साक्षी राखी मुचुल्का गराउनुपर्नेछ।

(५) लिखित रूपमा अनुरोध गर्दा समेत उपनियम (४) बमोजिमको कुनै कार्यालयको प्रतिनिधि उपस्थित नभएमा उपस्थित प्रतिनिधि र वडा कार्यालयका प्रतिनिधिलाई साक्षी राखी लिलाम बिक्री गर्नुपर्नेछ।

(६) जुन व्यक्तिको चलअचल सम्पत्ति लिलाम बिक्री गरिने हो सो व्यक्तिलाई लिलाम बिक्री हुने समय र स्थान तोकी उपस्थित हुने सूचना पठाउनुपर्नेछ।

तर, त्यसरी लिलाम बिक्री हुने दिन सरोकारवाला व्यक्ति उपस्थित नभएमा पनि लिलाम बिक्री गर्न बाधा पुगेको मानिनेछैन।

भोजप्रसाद ढुंगाना
नगर प्रमुख

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेंसी, धादिङ
बागमती प्रदेश, नेपाल

२३. लिलाम बिक्री स्थगित गर्न सक्ने नियम २२ बमोजिम लिलाम बिक्रीको सूचना प्रकाशित भइसकेपछि ऋणी सदस्यले कर्जा चुक्ता गर्न आएमा वा समितिले तोकिदिएको रकम जम्मा गरी निश्चित अवधिभित्र कर्जा चुक्ता गर्न ऋणी सदस्य र संस्थाबीच सहमति भई लिलाम बिक्री स्थगित गर्नुपर्ने देखिएमा लिलाम बिक्रीको सूचना प्रकाशित गर्ने सहकारी संस्था वा दर्ता गर्ने अधिकारीले त्यस्तो लिलाम बिक्री केही समयका लागि स्थगित गर्न सक्नेछ।

२४. **असुलउपर हुन नसकेको रकम अरु जायजेथाबाट असुलउपर गर्ने** : (१) धितो राखेको सम्पत्ति लिलाम बिक्री गर्दा आएको रकमबाट साँवा, ब्याज र हर्जनाको रकम असुलउपर हुन नसकेमा प्रचलित कानुनबमोजिम बाँकी बक्यौता असुलउपर गर्नुपर्ने व्यक्तिको हकभोगको अन्य जायजेथाबाट नियम २२ मा उल्लिखित कार्यविधि अपनाई लिलाम बिक्री गरी असुलउपर गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिम लिलाम बिक्री गर्दा लिलाम बिक्री हुने दिनसम्मको साँवा, ब्याज र हर्जनाको रकम असुलउपर गरी बाँकी हुन आएको रकम सरोकारवाला व्यक्तिलाई फिर्ता दिनुपर्नेछ।

२५. **बेचबिखन गर्न वा लिलाम बिक्री गर्न वा लिजमा दिन नहुने**: यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सङ्घीय ऐनको दफा १३५ मा उल्लिखित संस्थाको घर, जग्गा लगायतका स्थिर सम्पत्ति नेपाल सरकारको स्वीकृति बिना बेचबिखन वा लिलाम बिक्री गर्न वा धितो राख्न वा पाँच वर्षभन्दा बढी अवधिका लागि लिजमा दिनुहुँदैन।

तर, त्यस्ता संस्थाले ऋण वा अन्य बाँकी बक्यौता बापत धितो लिएको वा संस्था आफैँले धितो सकार गरेको घर, जग्गा यस नियमावलीबमोजिम लिलाम बिक्री गर्न नेपाल सरकारको स्वीकृति आवश्यक पर्नेछैन।

२६. **लिलाम सकार्ने व्यक्तिबाट रकम असुल गर्ने**: (१) लिलाम बिक्रीको कार्य सकिन साथ लिलाम सकार गर्ने व्यक्तिबाट सकार गरेको मूल्यको कम्तिमा दश प्रतिशत रकम सोही दिन धरौटीको रूपमा लिई राख्नुपर्नेछ र बाँकी रकम लिलाम सकारेको मितिले सात दिनभित्र बुझाइसक्नुपर्नेछ, सो म्यादभित्र रकम नबुझाएमा धरौटी बापत राखेको रकम जफत हुने बेहोराको सनाखत गराई राख्नुपर्नेछ।

(२) लिलाम सकार्ने व्यक्तिले सकार गरेको मूल्यको दश प्रतिशत रकम सोही दिन नबुझाएमा निजपछि सबैभन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम सदर गर्नुपर्नेछ।

(३) लिलाम सकार गर्ने व्यक्तिले यस नियम बमोजिम सकार गरेको मितिले पैंतिस दिनभित्र पूरा रकम बुझाएमा सहकारी संस्थाले त्यसरी पूरा रकम बुझाएको मितिले तीन दिनभित्र निजको नाउँमा सो

भीमप्रसाद ढुंगाना
नगर प्रमुख

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी, धादिङ
बागमती प्रदेश, नेपाल

जायजेथा प्रचलित कानुन बमोजिम रजिष्ट्रेसन वा दाखिला खारेज समेत गरिदिनका लागि सम्बन्धित कार्यालयमा लेखी पठाउनुपर्नेछ।

२७. **लिलाम बिक्री नभएमा जायजेथा सहकारी संस्थाको स्वामित्वमा रहने:** सहकारी संस्थाले जायजेथा लिलामबिक्री गर्न खोज्दा कसैले जायजेथा नसकारेमा उक्त जायजेथाको स्वामित्व आफूमा लिन सक्नेछ र त्यस्तो स्थितिमा सम्बन्धित कार्यालयहरूले सहकारी संस्थाको जनाउ बमोजिम आफ्नो कार्यालयमा रहेको स्रेस्तामा तदनुसार रजिष्ट्रेसन वा दाखिल खारेज गरिदिनुपर्नेछ।

२८. **जायजेथा फिर्ता दिनुपर्ने:** नियम २७ बमोजिम संस्थाको नाममा कायम हुन आएको जायजेथा छ महिनाभित्र सम्बन्धित ऋणी सदस्यले आफूले तिर्नु बुझाउनु पर्ने साँवा र अघिल्लो दिनसम्मको ब्याज, हर्जना र लिलाम प्रक्रियासँग सम्बन्धित खर्च समेत चुक्ता गरी फिर्ता लिन चाहेमा सम्बन्धित सहकारी संस्थाले आवश्यक प्रक्रिया पुर्याई फिर्ता दिनुपर्नेछ।

२९. **कालो सूचीसम्बन्धी व्यवस्था** : (१) कर्जा सूचना केन्द्रले ऐनको दफा ५९ बमोजिम सहकारी संस्थाहरूबाट ऋण लिई रकमको अपचलन गर्ने वा भाखाभित्र ऋणको साँवा, ब्याज फिर्ता नगर्ने व्यक्तिको नामनामेसी सहित कालो सूची प्रकाशन गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिम कालो सूची प्रकाशन गर्दा कर्जा सूचना केन्द्रको निर्धारित मापदण्ड अनुसार सम्बन्धित सदस्य संस्थाबाट प्राप्त सिफारिस सहितको प्रतिवेदनको आधार लिनुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम कालो सूचीमा परेका व्यक्तिहरूको नाम निर्धारित मापदण्ड अनुसार सदस्य संस्थाहरूबाट प्राप्त सिफारिस सहितको प्रतिवेदनको आधारमा कालो सूचीबाट हटाउन सकिनेछ।

## परिच्छेद-९

## एकीकरण, विघटन र दर्ता खारेज

३०. **सहकारी संस्थाको एकीकरण:** (१) ऐनको दफा ६५ बमोजिम दुई वा दुईभन्दा बढी संस्थाहरू एकीकरण गर्दा देहायका सर्त बन्देजहरू पूरा भएको हुनुपर्नेछ:-

(क) कार्यक्षेत्र एक अर्कासंग खष्टिएको वा जोडिएको हुनुपर्ने।

(ख) एकै विषय वा प्रकृतिका संस्था हुनपर्ने वा फरक विषय वा प्रकृतिका भए तापनि मूलतः एकै विषयमा प्रतिस्पर्धा भएको हुनुपर्ने।

(ग) सदस्यको प्रत्यक्ष सहभागिता एवम् लोकतान्त्रिक नियन्त्रण कायम रहनुपर्ने।

(२) उपनियम (१) बमोजिम एकीकरण गर्दा साधारणतया मौजुदा संस्थाको कार्यक्षेत्रको आधारमा स्थानीय तहको वडा, स्थानीय तह, जिल्ला वा प्रदेशको क्षेत्रभित्र पर्ने गरी गर्नुपर्नेछ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाको पूर्व स्वीकृतीविना सम्वत् २०४९ साल जेठ २ गते भन्दाअघि दर्ता भएका साझा सहकारी संस्थाहरूलाई अर्को संस्थामा एकीकरण गर्न पाइने छैन।

भीमप्रसाद ढुंगाना
नगर प्रमुख

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी धादिङ
बागमती प्रदेश, नेपाल

(४) महिला मात्र सदस्य रहने संस्थालाई महिला मात्र सदस्य रहने संस्थामा एकीकरण गर्न प्राथमिकता दिनुपर्नेछ ।

तर, विशेष रूपमा पिछडिएका समुदायमा स्थापित संस्थाको साङ्गठनिक गतिशीलतामा असर पर्ने गरी एकीकरण गरिनेछैन ।

(५) सङ्घहरूको एकीकरण गर्दा विषयगत कार्य मिल्ने गरी गर्नुपर्नेछ ।

(६) एकीकरणका अन्य सर्त, आधार र प्रक्रिया दर्ता गर्ने अधिकारीले तोकेबमोजिम हुनेछ ।

३१. **सहकारी संस्थाको विभाजनः** (१) ऐनको दफा ६५ बमोजिम सहकारी संस्थाको विभाजन गरी दुई वा दुईभन्दा बढी संस्थाहरू कायम गर्दा देहायका सर्तहरू पूरा भएको हुनुपर्नेछः

(क) बचत तथा ऋणको मुख्य कारोबार भएको सहकारी संस्थाको हकमा सोको कार्यक्षेत्र स्थानीय तहको एक वडाभन्दा बढी भएको र विभाजनको प्रक्रियाबाट स्थानीयकरण गर्दा संस्थाहरूको कार्य सञ्चालनमा सदस्यहरूको सक्रिय सहभागिता तथा लोकतान्त्रिक नियन्त्रण कायम रहने अवस्था भएको।

(ख) विभाजनको प्रक्रियाबाट स्थानीयकरण गर्दा संस्थाहरूको कार्य सञ्चालनमा सदस्यहरूको सक्रिय सहभागिता तथा लोकतान्त्रिक नियन्त्रण कायम रहने अवस्था भएको।

(२) सहकारी संस्था विभाजन गर्दा मौजुदा कारोबारको प्रकृतिअनुसार विषयगत वर्गीकरण मिल्ने गरी फरक फरक भौगोलिक कार्यक्षेत्र कायम राखी विभाजन गर्न सकिनेछ।

(३) दर्ता गर्ने अधिकारीले सहकारी संस्थाहरूको एकीकरण वा विभाजनको सिलसिलामा सम्बन्धित सङ्घको राय लिन सक्नेछ।

(४) विभाजनका अन्य सर्त, आधार र प्रक्रिया नगरपालिकाले तोकेबमोजिम हुनेछ।

३२. **पूर्व सहमति लिनुपर्नेः** नियम ३० र नियम ३१ मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यालय, निकाय, बैङ्क, वित्तीय संस्था वा दातृ निकायको ऋण, अनुदान वा अन्य प्रकारको सहयोग रकम वा जेथा रहेका संस्थाको एकीकरण वा विभाजन गर्दा त्यस्तो संस्थाले सम्बन्धित निकायको पूर्व सहमति लिनुपर्नेछ।

## परिच्छेद-१०

## लिक्विडेसनसम्बन्धी व्यवस्था

३३. **लिक्विडेटरको नियुक्तिः** (१) ऐनको दफा ६७ बमोजिम पचास लाख रुपैयाँसम्मको सम्पत्ति भएको संस्थाको हकमा दर्ता गर्ने अधिकारीले आफू मातहतको अधिकृत कर्मचारीलाई लिक्विडेटर नियुक्त गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम नियुक्त लिक्विडेटरलाई दर्ता गर्ने अधिकारीले लिक्विडेसनसम्बन्धी कार्यमा आवश्यक निर्देशन दिन सक्नेछ ।

३४. **लिक्विडेटरको काम, कर्तव्य र अधिकारः** (१) ऐनको दफा ६६ बमोजिम दर्ता खारेज भएको सहकारी संस्थाको लिक्विडेटरको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) विघटन भएका सहकारी संस्थाबाट असुल हुन बाँकी रहेको रकम चुक्ता गर्नका लागि सो सहकारी संस्थाका हालको वा साविकका सदस्यहरू वा मृत सदस्यहरूको जायजेथाबाट बाँकी रकम नियम २४ र नियम २६ बमोजिम असुलउपर गर्ने,

(ख) विघटन भएका सहकारी संस्थासँग कुनै सदस्यको कुनै रकम बाँकी रहेको रहेछ र सो संस्थाको हिसाब किताबमा चढाइएको रहेनछ भने त्यस्ता सदस्यलाई यति म्यादभित्र सो रकमको दावी गर्न आउनू भनी वा सो बाँकी रहेको प्रमाणित नभएसम्म त्यति रकम वितरण नगरियोस् भनी दावी गर्न आउनू भनी सूचना जारी गर्ने,

(ग) सदस्यहरूमध्ये कसलाई प्राथमिकता दिने भन्ने प्रश्न उठेमा त्यसको निर्णय गर्ने,

(घ) सहकारी संस्था विघटन गर्ने सिलसिलामा सहकारी संस्थाको जायजेथा जम्मा गर्ने र वितरण गर्ने सम्बन्धमा आवश्यक निर्देशन दिने,

(ङ) सहकारी संस्थाले गरेको वा सहकारी संस्थाको विरुद्धमा गरिएको दावीको सम्बन्धमा दुवै पक्ष बीचमा मिलापत्र गराउने,

(च) विघटन गर्नुपर्ने देखिएमा सदस्यहरूको बैठक बोलाउने,

(छ) सहकारी संस्थाको खाताबही, कागजात, लिखत र जायजेथाको जिम्मा लिने,

(ज) सहकारी संस्थाको सम्पत्ति बेचबिखन गर्ने र

(झ) सरोकारवालाहरू समेतको परामर्शमा सहकारी संस्थाको जायजेथा वितरण गर्ने योजना तयार गरी कानुन बमोजिम वितरण गर्ने।

(२) उपनियम (१) बमोजिमको अधिकारको प्रयोग गर्दा लिक्विडेटरले आवश्यक सम्झेमा सहकारी संस्थाको गठन, काम, कर्तव्य, सम्पत्ति वा अन्य कुराको सम्वन्धमा जानकारी प्राप्त गर्न पक्ष, विपक्ष, साक्षीहरू र संस्था वा सङ्घको कुनै कर्मचारीलाई आफूसमक्ष उपस्थित गराई सोधपुछ गर्न सक्नेछ ।

३५. **लिक्विडेशन नियन्त्रण सम्बन्धमा दर्ता गर्ने अधिकारीको अधिकारः**

नियम ३४ बमोजिमको अधिकार प्रयोग गरी लिक्विडेटरले गरेको कामलाई आवश्यक ठानेमा दर्ता गर्ने अधिकारीले दोहोर्‍याएर हेरी देहायबमोजिम गर्न सक्नेछः-

(क) निर्देशन विपरीत लिक्विडेटरले जारी गरेको आदेश खारेज गर्न, बदल्न वा आवश्यकतानुसार अर्को आदेश जारी गर्न,

(ख) संस्था वा सङ्घको खाताबही, कागजात, लिखत र जायजेथाहरू पेस गर्न लगाउन,

प्रसाद ढुंगाना
नगर प्रमुख

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी, धादिङ
बागमती प्रदेश, नेपाल

(ग) नियम ३४ बमोजिमको लिक्विडेटरको अधिकारमा आफूलाई उपयुक्त लागेको हद बन्देज तोकिदिन,

(घ) लिक्विडेटरले जाँचेको हिसाब किताबको प्रतिवेदन लिन,

(ङ) नियम ३४ को खण्ड (ङ) बमोजिम मिलापत्र गराउने र सो नियमको खण्ड (झ) बमोजिम जायजेथा वितरण गर्ने सम्बन्धमा सामान्य सिद्धान्त निर्धारण गरिदिन,

(च) लिक्विडेटरले पाउने पारिश्रमिक एवम् भत्ताको निमित्त आवश्यक निर्देशन दिन र

(छ) लिक्विडेटरलाई पदबाट हटाई अर्को नियुक्त गर्न।

३६. **दायित्व भुक्तानीः** (१) ऐनको दफा ६६ बमोजिम दर्ता खारेज वा विघटन भएको सहकारी संस्थाको कोषवाट देहायबमोजिमको प्राथमिकता क्रमअनुसार देहायको कार्यका लागि खर्च गर्न सकिनेछः-

(क) विघटनको कामको निमित्त भएका खर्चहरू फर्छ्यौट गर्न,

(ख) सदस्यलाई बचतको रकम भुक्तानी गर्न,

(ग) कर्मचारीको तलबभत्ता दिन,

(घ) ऋण भुक्तानी गर्न,

(ङ) अन्य भुक्तानी दिनुपर्ने रकमहरू दिन,

(च) शेयर पूँजी फिर्ता दिन र

(छ) लाभांश नबाँडिएको समयजतिको हकमा लाभांश वितरण गर्न।

२) कुनै सहकारी संस्थाको विघटनको काम समाप्त भइसकेपछि पनि सो संस्थाको कुनै साहुले पाउनुपर्ने रकम लिन नआएमा विघटनको काम समाप्त भएको मितिले तीन महिनाभित्र उक्त संस्थाको कोषउपर त्यस्तो साहूले आफूले पाउनुपर्ने रकमको लागि दावी गरिसक्नुपर्नेछ।

(३) उपनियम (२) बमोजिमको म्याद नाघेपछि परेको दाबीउपर कुनै कारवाही हुनेछैन।

३७. **लिक्विडेसनपछिको सम्पत्तिको उपयोगः** (१) सहकारी संस्थाको लिक्विडेसन पश्चात् नियम ३६ बमोजिम सबै दायित्व भुक्तान गरी बाँकी रहेको सम्पत्ति दर्ता गर्ने अधिकारीको निर्देशन बमोजिम नगरपालिकाको खातामा दाखिला हुनेछ। (२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिकाको सिफारिसमा नियम ३६(१) अनुसार खर्च गरिसकेपछि बाँकी रहन आएको सहकारी संस्थाको कोषको रकम सहकारी आन्दोलनलाई योगदान पुर्‍याउने अन्य कुनै निकायलाई हस्तान्तरण गर्न वा स्थानीय सामुदायिक शिक्षा वा स्वास्थ्यसँग सम्बन्धित वा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक अल्पसंख्यक समूदायलाई प्रत्यक्ष फाइदा पुग्ने स्थानीय सामुदायिक विकासको प्रयोजनका लागि हस्तान्तरण गर्न सकिनेछ।

भीमप्रसाद ढुंगाना
नगर प्रमुख

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी, धादिङ
बागमती प्रदेश, नेपाल

## परिच्छेद-११

## बचत तथा कर्जा सुरक्षण

३८. **सहकारी बचत तथा कर्जा सुरक्षण कोषको स्थापना:** सङ्घीय सहकारी ऐनको दफा १०१ बमोजिम सहकारी बचत तथा कर्जा सुरक्षण कोषको सञ्चालन गरिनेछ।

३९. **आपसी सुरक्षण सेवा सञ्चालन:** (१) सङ्घीय ऐनको दफा १०२ को उपदफा (२) बमोजिम आपसी सुरक्षण सेवा सञ्चालन गर्ने संस्थाको न्यूनतम मापदण्ड देहायबमोजिम हुनेछः-

(क) संस्था दर्ता भएको कम्तीमा तीन वर्ष पुगेको हुनुपर्ने,

(ख) विगत दुई वर्षदेखि संस्था नाफामा सञ्चालन भएको हुनुपर्ने,

(ग) जगेडा कोषमा कम्तीमा पचास लाख रुपैयाँ र घाटापूर्ति कोषमा कम्तीमा पच्चिस लाख रुपैयाँ जम्मा हुनुपर्ने,

(घ) शेयर पूँजी कम्तीमा एक करोड रुपैयाँ हुनुपर्ने,

(ङ) निर्धारित सीमाभित्र नियमित प्रकृतिको बचत मात्र परिचालन गरेको हुनुपर्ने र

(च) शेयर पूँजी तथा संस्थागत पूँजी गरी जम्मा बचत दायित्वको कम्तीमा बिस प्रतिशत पुगेको हुनुपर्ने।

(२) आपसी सुरक्षण सञ्चालनसम्बन्धी अन्य व्यवस्था नगरपालिकाले तोके बमोजिम हुनेछ।

## परिच्छेद-१२

## निरीक्षण तथा अनुगमनसम्बन्धी विशेष व्यवस्था

४०. **अनुगमन गर्ने व्यवस्था मिलाइने:** (१) नगरपालिकाले सूचक बनाई सहकारी संस्थाहरूको आवधिक तथा आकस्मिक अनुगमन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम अनुगमन गर्दा नगरपालिकाले आवश्यकताअनुसार नेपाल राष्ट्र बैङ्क, विभाग, वागमती प्रदेश सरकारको सहकारीसम्बद्ध प्रतिनिधिसमेत सहभागी गराउन सक्नेछ।

(३) सहकारी संस्थाहरूले सुरक्षण, वित्तीय संरचना, सम्पत्तिको स्तर, तरलता, लगानीको क्षेत्रलगायतमा महानगरपालिका सहकारी विभागले तोकेका मानकहरूको पालना गर्नुपर्नेछ।

(४) नगरपालिकाले उपनियम (३) बमोजिम तोकिएका मानकहरूको पालनाको अवस्थाको नियमित अनुगमन गरी पालना नभएको पाइएमा तत्काल निर्देशन दिन सक्नेछ।

४१. वार्षिक प्रतिवेदनमा समावेस हुनुपर्ने विवरण ऐनको दफा ७४(२) मा उल्लिखित विवरणको अतिरिक्त वार्षिक प्रतिवेदनमा समावेश हुनुपर्ने अन्य विषयहरू नगरपालिकाले निर्धारण गरेबमोजिम हुनेछ।

भीमप्रसाद ढुंगाना
नगर प्रमुख

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी धादिङ
बागमती प्रदेश नेपाल

## परिच्छेद-१३

## समस्याग्रस्त संस्था वा सङ्घ

४२. **संस्था वा सङ्घ समस्याग्रस्त भएको घोषणा गर्न सकिनेः** (१) नगरपालिकाले निरीक्षण, अनुगमन वा हिसाब जाँच गर्दा कुनै संस्था वा सङ्घमा देहायको अवस्था विद्यमान रहेको देखिएमा त्यस्तो संस्था वा सङ्घलाई समस्याग्रस्त संस्था वा सङ्घको रूपमा घोषणा गर्न दर्ता गर्ने अधिकारी समक्ष सिफारिस गर्नेछः-

(क) सदस्यको हित विपरीत हुने गरी कुनै कार्य गरेको,

(ख) संस्था वा सङ्घले पूरा गर्नुपर्ने वित्तीय दायित्व पूरा नगरेको वा भुक्तानी गर्नु पर्ने दायित्व भुक्तानी गर्न नसकेको वा भुक्तानी गर्न नसक्ने अवस्था भएको,

(ग) सदस्यहरूको बचत निर्धारित सर्तबमोजिम फिर्ता गर्न नसकेको,

(घ) संस्था वा सङ्घ दामासाहीमा पर्न सक्ने अवस्थामा भएको वा उल्लेखनीय रूपमा गम्भीर आर्थिक कठिनाइ भोगिरहेको, र

(ङ) कुनै संस्था वा सङ्घ सदस्यको बचत रकम फिर्ता गर्नुपर्ने अवस्थामा फिर्ता नगरेको भनी त्यस्तो संस्था वा सङ्घका कम्तीमा पच्चिस जना वा विस प्रतिशत सदस्यहरूले दर्ता गर्ने अधिकारीसमक्ष निवेदन दिएकोमा छानविन गर्दा खण्ड (क) देखि (घ) सम्मको कुनै अवस्था विद्यमान भएको देखिएको।

(२) उपनियम (१) बमोजिम पेस हुन आएमा दर्ता गर्ने अधिकारीले समस्याग्रस्त संस्था वा सङ्घ घोषणाको सिफारिसका लागि विषयगत समितिमा पेस गर्न शखालाई निर्देशन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम निर्देशन प्राप्त भएपश्चात् शाखाले उपनियम (१) बमोजिमको प्रतिवेदन विषयगत समितिमा पेस गर्नुपर्नेछ।

(४) विषयगत समितिले उपनियम (३) बमोजिम पेस हुन आएको प्रतिवेदन अध्ययन गरी राय सहित समस्याग्रस्त संस्था वा सङ्घ घोषणाका लागि प्रमुखमार्फत् कार्यपालिकासमक्ष सिफारिस गर्नुपर्नेछ।

(५) उपनियम (४) बमोजिम सिफारिस भई आएमा कार्यपालिकाले कुनै संस्था वा सङ्घलाई समस्याग्रस्त संस्था वा सङ्घ घोषणा गर्न सक्नेछ ।

(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वा बागमती प्रदेश सरकारले गठन गरेको आयोग वा समिति वा नगरपालिकाले गठन गरेको समितिले कुनै संस्था वा सङ्घलाई समस्याग्रस्त संस्था वा सङ्घ घोषणा गर्न सिफारिस गरेमा वा समस्याग्रस्त भनी पहिचान गरेकोमा कार्यपालिकाले त्यस्तो संस्था वा सङ्घलाई समस्याग्रस्त संस्था वां सङ्घ घोषणा गर्न सक्नेछ।

(७) यस नियम बमोजिम कुनै संस्था वा संघलाई समस्याग्रस्त घोषणा गर्न बाधा उत्पन्न भएमा कार्यपालिकाको निर्णय बमोजिम प्रदेश सरकार वा संघ सरकार वा तत् सरकारबाट गठन भएका व्वस्थापन समिति वा सहकारी विभाग समक्ष समस्याग्रस्त घोषणाका लागि सिफारिस गर्न सक्नेछ ।

...प्रसाद ढुंगाना
...नगर प्रमुख

...नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी, धादिङ
बागमती प्रदेश, नेपाल

४३. व्यवस्थापन समितिको गठन : (१) कुनै संस्था वा सङ्घलाई समस्याग्रस्त संस्था वा सङ्घको रूपमा घोषणा गरिएकोमा त्यस्तो समस्याग्रस्त संस्था वा सङ्घको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीसम्बन्धी कार्य गर्न कार्यपालिकाले ऐनको दफा ७८ बमोजिम देहायअनुसार एक व्यवस्थापन समिति गठन गर्नेछः-

(क) नेपाल सरकारको कम्तीमा एघारौं तह वा सोसरहको पदबाट सेवानिवृत्त व्यक्ति - अध्यक्ष

(ख) नवौं तह वा सोभन्दा माथिल्लो पदमा रही सहकारी क्षेत्रको अनुभव भएको सेवानिवृत्त कर्मचारी एक जना - सदस्य

(ग) बैङ्क तथा वित्तीय संस्थामा कम्तीमा नवौं तह वा सोसरहको पदमा वा चार्टर्ड एकाउन्टेन्ट भई कम्तीमा तीन वर्षको अनुभव भएको व्यक्तिएक जना - सदस्य

(घ) नगर वा जिल्ला सहकारी सङ्घको अध्यक्ष - सदस्य

(ङ) नगरपालिकाको कानुन वा प्रशासन समूहको कम्तीमा आठौं तहको अधिकृत कर्मचारी - सदस्य सचिव

(२) व्यवस्थापन समितिको अध्यक्ष र सदस्यको पदावधि नियुक्तिको मितिले बढीमा दुई वर्षको हुनेछ

(३) कार्यपालिकाले आवश्यकताअनुसार निजहरूको पदावधि बढीमा दुई वर्ष थप गर्न सक्नेछ ।

(४) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यवस्थापन समितिको अध्यक्ष वा सदस्यको कार्य सम्पादन सन्तोषजनक नरहेमा कार्यपालिकाले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

(५) उपनियम (४) बमोजिम व्यवस्थापन समितिको अध्यक्ष वा सदस्यलाई पदबाट हटाउनुअघि निजलाई सफाइ पेस गर्ने मनासिव मौका दिनुपर्नेछ।

(६) उपनियम (४) बमोजिम रिक्त हुन आएको व्यवस्थापन समितिको कुनै पदमा कार्यपालिकाले उपनियम (१) को अधीनमा रही रिक्त पदमा मनोनयन गर्नेछ।

(७) उपनियम (१) बमोजिमको समितिले आवश्यकताअनुसार विज्ञहरू र समस्याग्रस्त सहकारीसँग सम्वन्धित सहकारी संस्थाका प्रतिनिधिहरू गरी बढीमा तीन जनालाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(८) उपनियम (१) बमोजिमको समितिले समस्याग्रस्त सहकारी व्यवस्थापन गर्न प्रत्येक सहकारीका लागि शेयर सदस्यहरू मध्येबाट बढीमा पाँच जनासम्मको सहकारी संस्था कार्यसम्पादन उपसमिति गठन गर्न सक्नेछ ।

(९) उपनियम (८) बमोजिम गठित कार्यसम्पादन उपनियम (१) बमोजिम गठित समितिको निर्णय तथा निर्देशनको अधिनमा रही सहकारी सञ्चालन गर्नेछ।

भीमप्रसाद ढुंगाना
नगर प्रमुख

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी, धादिङ
बागमती प्रदेश, नेपाल

(१०) उपनियम (१) बमोजिमको व्यवस्थापन समिति र उपनियम (८) बमोजिमको कार्यसम्पादन उपसमिति सञ्चालनसम्बन्धी कार्यविधि व्यवस्थापन समितिले निर्धारण गरेबमोजिम हुनेछ।

४४. **व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) समस्याग्रस्त संस्था वा सङ्घको साधारण सभा, समिति तथा लेखा सुपरिवेक्षण समितिले ऐन, ऐनअन्तर्गत बनेको नियम वा विनियमबमोजिम प्रयोग गर्न पाउने सम्पूर्ण अधिकार प्रयोग गर्ने,

(ख) समस्याग्रस्त संस्था वा सङ्घका समितिको सदस्य, निजका परिवार, नातेदार, संस्थाका कर्मचारी, संस्था वा सङ्घसँग सम्बन्धित अन्य संस्था, सङ्घ वा कम्पनीका कर्मचारी, संस्था वा सङ्घसँग जानकारी भएका वा मिलोमतोबाट कारोबार गरिरहेका अन्य व्यक्ति वा संस्थालगायत व्यवस्थापन समितिले आवश्यक ठानेका व्यक्तिलाई व्यवस्थापन समितिमा उपस्थित गराउने, सोधपुछ गर्ने, बयान लिने, आवश्यक कागजात पेस गर्न लगाउने,

(ग) समस्याग्रस्त संस्था वा सङ्घको सम्पत्ति तथा दायित्वको एकिन विवरण र तथ्याङ्क सङ्कलन गरी अध्ययन, विश्लेषण, लेखाजोखा र मूल्याङ्कन गर्ने,

(घ) समस्याग्रस्त संस्था वा सङ्घको सम्पत्ति जिम्मा लिने, समस्याग्रस्त संस्था वा. सङ्घको काम कारबाहीसम्वन्धी निर्णय तथा अभिलेखलगायतको सम्पूर्ण व्यवस्थापन नियन्त्रणमा लिने,

(च) समस्याग्रस्त संस्था वा सङ्घ असूल गर्नुपर्ने ऋण, बाँकीबक्यौता तथा अन्य रकम ऐन र ऐनअन्तर्गत वनेको नियम वा विनियमबमोजिमको प्रक्रिया अवलम्बन गरी असुल गर्ने,

(छ) समस्याग्रस्त संस्था वा सङ्घको धितोमा रहेको सम्पत्ति आवश्यकताअनुसार ऐन र ऐन अन्तर्गत बनेको यस नियम वा विनियमबमोजिम लिलामबिक्री गर्ने,

(ज) समस्याग्रस्त संस्था वा सङ्घको सम्पत्ति बिक्री गर्ने, उपयोग गर्ने तथा व्यवस्थापन गर्ने,

(झ) समस्याग्रस्त संस्था वा सङ्घका सदस्य तथा बचतकर्ताको बचत तथा शेयर रकमसम्बन्धी अभिलेख तयार गर्ने,

(ञ) सदस्य तथा बचतकर्ताको बचत फिर्ता वा भुक्तानी दिने,

(ट) समस्याग्रस्त संस्था वा सङ्घको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी गर्नको लागि ऐन वा ऐनअन्तर्गत वनेको नियमबमोजिम लिक्विडेटरलाई भएको सवै अधिकार प्रयोग गर्ने,

(ठ) समस्याग्रस्त संस्था वा सङ्घको सञ्चालक, कर्मचारी वा निजका परिवारको सदस्य बचतकर्ताको वचत पूरै वा आंशिक रूपमा कुनै कम्पनी, संस्था वा आर्थिक कारोवार वा व्यवसायमा प्रयोग गरेको पाइएमा त्यसरी प्रयोग भएको रकम वा सोबाट बढे-वढाएको सम्पत्ति कब्जामा लिने र सो

...प्रसाद ढुंगाना
...प्रमुख

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी, धादिङ
बागमती प्रदेश, नेपाल

सम्पत्ति मध्येबाट बचतकर्ताको बचत भरिभराउ गर्न लिलामबिक्री वा असुलउपरसम्वन्धी आवश्यक कारवाही गर्ने,

(ड) समस्याग्रस्त संस्था वा सङ्घको तर्फबाट कानुनी प्रतिरक्षाको व्यवस्था मिलाउने,

(ढ) समस्याग्रस्त संस्था वा सङ्घको सञ्चालक र कर्मचारी वा निजहरूका परिवारका सदस्य वा अन्य व्यक्तिको नाममा राखेको संस्था वा सङ्घको चल-अचल सम्पत्ति वा संस्था वा सङ्घको सम्पत्तिबाट खरिद गरेको अचल सम्पत्ति कब्जामा लिई त्यस्तो सम्पत्ति लिलाम विक्री समेत गरी बचतकर्तालाई फिर्ता दिलाउने कार्य गर्ने,

(ण) नियम ४३ को उपनियम (९) बमोजिम कार्यसम्पादन उपसमिति गठन गरी जिम्मेवारी तोक्ने

(त) नगरपालिकाले तोकेबमोजिम अन्य कार्य गर्ने।

४५. **लगत तयार गर्ने:** नियम ५० को प्रयोजनको लागि व्यवस्थापन समितिले देहायबमोजिमको लगत तयार गर्नेछ:-

(क) समस्याग्रस्त संस्था वा सङ्घका सदस्य, बचतकर्ता, ऋणी वा संस्था वा सङ्घलाई भुक्तानी दिनुपर्ने व्यक्ति वा संस्थाहरूको नामनामेसीको,

(ख) समस्याग्रस्त संस्था वा सङ्घको नाममा रहेको वा लगानी गरेको घरजग्गालगायतका सम्पूर्ण अचल सम्पत्तिको,

(ग) समस्याग्रस्त संस्था वा सङ्घको समितिको सदस्य, कर्मचारी वा निजको परिवारको या नातासम्बन्ध भएको व्यक्तिका नाममा बैङ्क तथा वित्तीय संस्थाको खातामा रहेका नगद, सुनचाँदी तथा शेयर लगानीको,

(घ) समस्याग्रस्त संस्था वा सङ्घ ऋण प्राप्त गर्नका लागि धितोमा राखेका जग्गा जमिन र भवनको,

(ङ) समस्याग्रस्त संस्था वा सङ्घको स्वदेश तथा विदेशका जुनसुकै स्थानमा रहेका चल तथा अचल सम्पत्तिको, र

(च) अन्य सम्पत्तिको।

४६. **दायित्व भुक्तानी सम्बन्धी व्यवस्थाः** (१) नियम ४३ को उपनियम (१) बमोजिम गठित व्यवस्थापन समितिले समस्याग्रस्त संस्था वा सङ्घको दायित्व भुक्तानी गर्नको लागि देहायको प्राथमिकता कायम गर्नुपर्नेछ:-

(क) वचत जम्मा गर्दाका बखत निर्धारित शर्त बमोजिम सदस्यलाई बचत भुक्तानी,

(ख) सरकारी बाँकी बक्यौता वा कुनै हकदावी भएमा त्यस्तो बाँकी बक्यौता वा हकदावीको रकम खभुक्तानी,

(ग) समस्याग्रस्त संस्था वा सङ्घलाई घरजग्गा वा जग्गाको लागि अग्रिम रूपमा रकम बुझाउने व्यक्तिहरूको भुक्तानी र

भीमप्रसाद ढुंगाना
नगर प्रमुख

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेंसी, धादिङ
बागमती प्रदेश, नेपाल

(घ) समस्याग्रस्त संस्था वा सङ्घका साहूहरूलाई रकम भुक्तानी ।

(२) समस्याग्रस्त संस्था वा सङ्घको दायित्व भुक्तानी गर्दा त्यस्तो संस्था वा सङ्घको कुल सम्पत्तिले नखामेमा दामासाहीको दरले गर्न सक्नेछ ।

(३) उपनियम (१) को खण्ड (क) बमोजिम सदस्यहरूको वचत फिर्ता गर्दा साना बचतकर्तालाई प्राथमिकता दिनुपर्नेछ ।

४७. **अधिकार प्रत्यायोजन गर्न सक्ने:** नियम ४३ को उपनियम (१) बमोजिम गठित व्यवस्थापन समितिले समस्याग्रस्त संस्था वा सङ्घको सम्पत्ति व्यवस्थापन गर्दा आफूलाई प्राप्त अधिकार नियम ४३ को उपनियम (८) बमोजिम गठित कार्यसम्पादन उपसमिति, व्यवस्थापन समितिका अध्यक्ष, सदस्य वा कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

४८. नगरपालिकाले रकम उपलब्ध गराउन सक्ने समस्याग्रस्त संस्था वा सङ्घको सम्पत्ति व्यवस्थापन गर्ने सिलसिलामा लाग्ने खर्च त्यस्तो संस्था वा सङ्घको सम्पत्तिवाट तत्काल वेहोर्न नसकिने भएमा सो प्रयोजनको लागि नगरपालिकाले रकम उपलब्ध गराउन सक्नेछ ।

४९. **अधिकार स्वत:निलम्वन हुने:** (१) नियम ४३ को उपनियम (१) बमोजिम गठित व्यवस्थापन समितिले कार्य प्रारम्भ गरेपछि, समस्याग्रस्त संस्था वा सङ्घको सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, व्यवस्थापक तथा कर्मचारीहरूको अधिकार स्वतः निलम्बन हुनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि समस्याग्रस्त संस्था वा सङ्घको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीसम्वन्धी कार्य गर्नको लागि त्यस्तो संस्था वा सङ्घको समितिको सदस्य, व्यवस्थापक तथा कर्मचारीको निलम्बन फुकुवा गरी व्यवस्थापन समितिले काममा खटाउन सक्नेछ ।

५०. **दावी पेस गर्न सूचना दिनुपर्ने:** व्यवस्थापन समितिले कार्य प्रारम्भ गरेपछि समस्याग्रस्त संस्था वा सङ्घका सदस्य, वचतकर्ता तथा साहूहरूलाई आफूले पाउनुपर्ने रकमको दावी पेस गर्न राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कम्तीमा पन्ध्र दिनको समयावधि दिई सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ।

५१. **लेखापरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने:** व्यवस्थापन समितिले कार्य प्रारम्भ गरेको मितिले छ महिनाभित्र त्यस्तो समस्याग्रस्त संस्था वा सङ्घको लेखापरीक्षण गरी सोको प्रतिवेदन तयार गरी सार्वजनिक गर्नुपर्नेछ।

५२. **उपचारात्मक कार्य गर्न सक्ने:** नियम ५१ बमोजिमको लेखापरीक्षण प्रतिवेदनको आधारमा समस्याग्रस्त संस्था वा सङ्घ पुनः सञ्चालन हुन सक्छ भन्ने आधार र कारण भएमा नगरपालिकाको समन्वयमा व्यवस्थापन समितिले देहायका उपचारात्मक कार्यहरू गर्न सक्नेछ:-

(क) समितिलाई व्यवस्थापन वा काम कारोवार सञ्चालन गर्न आदेश दिने,

नगर प्रमुख

नीलकण्ठ नगरपालिका नगर कार्यपालिकाको कार्यालय धादिङबेसी, धादिङ बागमती प्रदेश, नेपाल

(ख) सम्वन्धित संस्था वा सङ्घका शेयर सदस्यहरूमध्येवाट अन्तरिम समितिको गठन गरी व्यवस्थापन वा काम कारोवार सञ्चालन गर्न लगाउने,

(ग) कार्यसम्पादन उपसमिति गठन भएको भएमा सोको विघटन गरी त्यस्तो संस्था वा सङ्घको साधारण सभा बोलाई सोको व्यवस्थापन वा काम कारोबार सञ्चालन गर्न नयाँ समितिको गठन गर्ने वा गराउने,

(घ) सम्बन्धित संस्था वा सङ्घ सदस्य रहेको केन्द्रीय विषयगत सहकारी सङ्घ वा राष्ट्रिय सहकारी महासङ्घले समस्याग्रस्त सङ्घ वा संस्थाको पुनःसञ्चालनको विश्वसनीय कार्ययोजना पेस गरी पुनः सञ्चालनको जिम्मेवारी लिन चाहेमा तोकिए बमोजिमको सर्तवन्देज सहित त्यस्तो जिम्मेवारी दिने, र

(ङ) अन्य सुधारात्मक र उपचारात्मक उपाय अवलम्वन गर्ने ।

५३. **व्यवस्थापन समितिले लेखी पठाउन सक्नेः** (१) व्यवस्थापन समितिले समस्याग्रस्त संस्था वा सङ्घको सम्पत्ति व्यवस्थापन वा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्ने सिलसिलामा देहायको कार्य गर्न सम्वन्धित निकायसमक्ष नगरपालिकामा लेखी पठाउन सक्नेछः-

(क) समितिको सदस्य, व्यवस्थापक तथा कर्मचारी वा निजका परिवारको सदस्य वा संस्था वा सङ्घको कुनै बैङ्क वा वित्तीय संस्थामा भएको आर्थिक कारोवार वा खाता वा अन्य चल अचल सम्पत्ति रोक्का राख्न,

(ख) समितिको सदस्य, व्यवस्थापक वा कर्मचारीलाई राहदानी जारी नगर्न वा जारी भइसकेको भए सो राहदानी रोक्का राख्न तथा विदेश भ्रमण रोक्का गर्न सम्बन्धित निकायमा समन्वय गर्न। र

(ग) समस्याग्रस्त संस्था वा सङ्घको ऋण नतिर्ने सदस्य वा व्यक्तिको नाम कालोसूचीमा समावेश गर्न ।

(२) उपनियम (१) बमोजिम लेखी आएमा सम्वन्धित निकायले सो बमोजिम गरी गराई सो को जानकारी व्यवस्थापन समितिलाई दिनुपर्नेछ।

५४. **सिफारिस गर्न सक्नेः** (१) समस्याग्रस्त संस्था वा सङ्घको सम्पत्ति व्यवस्थापन वा दायित्व भुक्तानीको काम कारवाहीमा सहयोग नगर्ने वा त्यस्तो काम कारवाहीमा अवरोध सिर्जना गर्ने कुनै निकायको पदाधिकारी वा कर्मचारीलाई विभागीय कारबाही वा अन्य आवश्यक कारबाही गर्न व्यवस्थापन समितिले सम्बन्धित निकायसमक्ष सिफारिस गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम सिफारिस प्राप्त भएमा अख्तियारवालाले त्यस्तो पदाधिकारी वा कर्मचारीलाई प्रचलित कानुनबमोजिमको प्रक्रिया पूरा गरी विभागीय वा अन्य आवश्यक कारबाही गर्न सक्नेछ।

(३) व्यवस्थापन समितिले समस्याग्रस्त संस्था वा सङ्घको सम्पत्ति व्यवस्थापन वा दायित्व भुक्तानी सम्बन्धी कामकारवाही गर्दा ऐनको दफा ७९ बमोजिमको कसुर भएको विश्वास गर्नुपर्ने मनासिव

भीमप्रसाद ढुंगाना
नगर प्रमुख

आधार देखिएमा अनुसन्धान तहकिकात गरी मुद्दा दायर गर्न अधिकार प्राप्त निकायसमक्ष लेखी पठाउनेछ।

५५. **प्रतिवेदन पेस गर्नु पर्ने व्यवस्थापनः** समितिले समस्याग्रस्त संस्था वा सङ्घको सम्पत्ति व्यवस्थापन वा दायित्व भुक्तानी सम्वन्धी कार्य सम्पन्न गरेको एक महिनाभित्र देहायका विवरणहरू खुलाई प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यपालिकासमक्ष प्रतिवेदन पेस गर्नुपर्नेछः-

(क) सदस्यको बचत रकम फिर्ता,

(ख) भुक्तानी भएको दायित्व,

(ग) बाँकी रहेको सम्पत्ति तथा दायित्व सम्बन्धी विस्तृत विवरण,

(घ) संस्था वा सङ्घको सञ्चालन सम्बन्धमा नगरपालिकाले अवलम्बन गर्नु पर्ने नीति सम्बन्धी सुझाव, र

(ङ) अन्य विवरण ।

५६. **व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्यको सेवा सर्तः** (१) नियम ४३ को उपनियम (१) को खण्ड (घ) वमोजिमको सदस्य वाहेक व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्यहरू पूरा समय काम गर्ने पदाधिकारी हुनेछन् ।

(२) अध्यक्ष तथा सदस्यहरूले निम्न वमोजिम सुविधा पाउनेछनः-

(क) अध्यक्षलाई मासिक पारिश्रमिक, सवारी साधन, इन्धन र सञ्चार सुविधासमेत वापत एकमुष्ट एक लाख रुपैयाँ सम्म।

(ख) सदस्यलाई मासिक पारिश्रमिक, सवारी साधन, इन्धन र सञ्चार सुविधासमेत वापत एकमुष्ट असी हजार रुपैयाँ सम्म र

(ग) सदस्य सचिव र अन्य कर्मचारीलाई खाइपाई आएको तलवको पचास प्रतिशत थप सुविधा

(३) सदस्यहरूले नियमानुसार वैठक भत्ता पाउनेछन् ।

(४) समितिको निर्णय कार्यान्वयनमा सहजीकरण गर्ने दायित्व सदस्य सचिवको हुनेछ।

५७. **सहयोग माग गर्न सक्नेः** (१) व्यवस्थापन समितिले आफ्नो काम, कर्तव्य र अधिकार प्रयोग गर्दा आवश्यकताअनुसार अन्य निकायको सहयोग माग गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम व्यवस्थापन समितिले माग गरेको सहयोग उपलब्ध गराउनु सम्बन्धित सवैको कर्तव्य हुनेछ।

(३) व्यवस्थापन समितिले समस्याग्रस्त संस्था वा सङ्घको सम्पत्ति व्यवस्थापन वा दायित्व भुक्तानी गर्दा सम्बन्धित निकायहरूसँग समन्वय गरी आफ्नो काम कारवाही अगाडि बढाउन सक्नेछ।

५८. **विशेषज्ञ सेवा लिन सक्नेः** व्यवस्थापन समितिले आवश्यकताअनुसार सम्बन्धित विषयका प्राविधिक वा विशेषज्ञको सेवा लिन सक्नेछ।

भीमप्रसाद ढुंगाना
नगर प्रमुख

धीतद्वादा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेंसी, धादिङ
बागमती प्रदेश, नेपाल

## विविध

५९. **स्थिरीकरण कोषसम्बन्धी व्यवस्थाः** (१) बचत तथा ऋण विषयगत संस्थाको सञ्चालनमा सम्भावित जोखिमबाट संरक्षण गर्न त्यस्ता संस्थाहरू मिली एक स्थिरीकरण कोष खडा गर्न सक्नेछन्।

(२) उपनियम (१) बमोजिमको कोषको स्थापना, सञ्चालन, सङ्घीय ऐनले तोकेबमोजिम हुनेछ ।

६०. दर्ता गर्ने अधिकारीको काम, कर्तव्य र अधिकार : ऐनमा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त दर्ता गर्ने अधिकारीको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

(क) सहकारी संस्था दर्ता गर्नका लागि परेको दरखास्तउपर आवश्यक जाँचबुझ गरी सहकारी संस्था दर्ता गर्ने र दर्ताको प्रमाण पत्र दिने,

(ख) सहकारी संस्थाले आफ्नो कार्य सञ्चालन गर्न बनाएको विनियम स्वीकृत गर्ने,

(ग) सहकारी संस्थाको एकिकरण, विभाजन तथा कार्य क्षेत्र पुनः निर्धारणसम्बन्धी कार्य गर्ने,

(घ) नियमित रूपमा सहकारी सस्थाको निरीक्षण तथा हिसाव किताव जाँच गर्नुका साथै स्थापित सूचना प्रतिवेदन प्रणालीका आधारमा सहकारी संस्थाहरूको निरन्तर अनुगमन गरी आवश्यक निर्देशन दिने,

(ङ) सहकारी संस्थाहरूको लेखापरीक्षण नियमित रूपमा भए नभएको अनुगमन गर्ने, लेखापरीक्षण तोकिएको लेखामान अनुरूप भए वा नभएको जाँचबुझ गर्ने र निर्धारित अवधिभित्र लेखापरीक्षण नगराउने सहकारी संस्थाहरूको लेखापरीक्षण गर्न लगाउने,

(च) विपन्न महिला, अपाङ्गता भएका व्यक्ति, वेरोजगार श्रमिक र दलित तथा अल्पसङ्ख्यक जनजातिलगायतका सीमान्तकृत समूहको वा सदस्यको श्रम वा सीपमा आधारित स्वरोजगारीका उद्योगधन्दा प्रवर्द्धन गर्न योजना तथा कार्यक्रम तर्जुमा गरी स्वीकृत भएबमोजिम कार्यान्वयन गर्ने,

(छ) सहकारी व्यवसाय, कृषि उपजको मूल्य शृङ्खला विकास एवम् तत्सम्बन्धी अन्तर सहकारी कारोबारका आयोजनाहरूलाई सहयोग पुर्‍याउने,

(ज) सहकारी शिक्षा तथा तालिम क्रियाकलापहरूको तर्जुमा, सञ्चालन तथा विस्तारका कार्यहरूको समन्वय गर्ने,

(झ) सहकारी संस्थाहरूको विकास, सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरूको प्रचलन तथा सहकारी संस्थाहरूमा सुशासन कायम गराउनका लागि आवश्यक निर्देशन गर्ने,

(ञ) कानुनबमोजिम कार्य नगर्ने सहकारी संस्थाहरूलाई जरिवाना तथा अन्य कारवाही गर्ने,

(ट) आर्थिक वर्ष समाप्त भएको मितिले चार महिनाभित्र वार्षिक प्रतिवेदन कार्यपालिकासमक्ष पेस गर्ने,

(ड) निष्कृय अवस्थामा रहेका सहकारी संस्थाहरूलाई सक्रिय बनाउन आवश्यक कार्य गर्ने,

(ढ) सहकारी संस्थाको सेवा केन्द्र, सङ्कलन केन्द्र तथा बिक्री केन्द्र सञ्चालनको स्वीकृति दिने, र नगरपालिकाले तोकेबमोजिमका अन्य कार्यहरू गर्ने।

भीमप्रसाद ढुंगाना
नगर प्रमुख

६१. अन्तर सहकारी कारोबार : (१) ऐनको दफा ९५ बमोजिम अन्तर सहकारी कारोबार गर्दा संलग्न संस्थाहरूको विनियमलाई आधार लिएको हुनुपर्नेछ।

(२) सहकारी सङ्घले सदस्य स्तरका स्थानीय उत्पादनको मूल्य शृङ्खला विकाससँग सम्बन्धित अन्तर सहकारी कारोवारलाई बढवा दिने गरी संयोजन गर्न सक्नेछ।

(३) अन्तर सहकारी कारोबारमा संलग्न विभिन्न संस्थाहरूले आफ्ना सदस्यहरूबाट उत्पादित उपज अग्रणी संस्थाको अवधारणाबाट कुनै एक संस्थामार्फत सङ्कलन, प्रशोधन एवम् बजारीकरण गर्ने व्यवस्था मिलाउने गरी एकीकृत योजना सञ्चालन गर्न सक्नेछन्।

(४) सहकारी संस्थाले विनियममा व्यवस्था गरी विद्युतीय प्रणालीमार्फत् आफ्ना सदस्यले नेपालभरको कुनै सहकारी संस्थाबाट आफ्नो खातामा रकम जम्मा गर्न र झिक्न सक्ने गरी अन्तर सहकारी कारोबार गर्न सक्नेछ।

(५) नगरपालिकाले अन्तर सहकारी कारोवार सम्बन्धी अन्य व्यवस्था मिलाउन सक्नेछ।

६२. **साना किसान सहकारी संस्था सम्बन्धी विशेष व्यवस्थाः** (१) प्रचलित कानून बमोजिम स्थापना भै सञ्चालनमा रहेका साना किसान सहकारी संघ/संस्थाहरु समेत यसै नियमावली बमोजिम सञ्चालन हुनेछन् ।तर सो संस्था अन्तर्गत प्रत्येक वडाभित्र मात्र कार्यक्षेत्र सीमित रहनेगरी छुट्टाछुट्टै ऋण उप-समिति गठन गर्न बाधा पुगेको मानिछैन।

६३. **दण्डसजायः** सहकारी सम्बन्धी प्रचलित कानुनविपरीत कसुरजन्य कार्य गरेमा ऐनको दफा ८० र ८१ बमोजिम दण्डसजाय हुनेछ।

६४. **बाधा अड्काउ फुकाउने अधिकारः** यो नियमावली कार्यान्वयमा कुनै बाधा अड्काउ परेमा नगरपालिका कार्यालयले ऐन नियमावली र प्रचलित कानून बमोजिम हुनेगरी बाधा अड्काउ फुकाउने आदेश दिन सक्नेछ।ऐनको दफा ३१ को उपदफा ८ बमोजिम संचालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन हुने साधारण सभामा योग्यता पुगेका सबै शेयर सदस्यहरुले उमेद्वार हुन या मतदान गर्न सक्ने व्ववस्था मिलाउनु पर्नेछ ।

६५. **संसोधनः** यस नियमावलीको कुनै दफा वा नियम वा नियमको कुनै भाग संसोधन वा खारेजी गर्ने अधिकार नगर कार्यपालिकामा निहीत रहने छ।

६६. यस नियमावलीमा उल्लेख हुन छुट भएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछन्।

भीमप्रसाद ढुंगाना
नगर प्रमुख

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी, धादिङ
बागमती प्रदेश, नेपाल

## अनुसुची-१

सम्भाव्यता अध्ययन प्रतिवेदनको ढाँचा

(नियम ५ को खण्ड (क) सँग सम्बन्धित)

१.परिचय

२.संस्था गठन गर्नुपर्नाको कारण

३.सदस्यताको जनसाङ्खिक आधार

४.सहभागिताको औचित्य

५.व्यावसाहिक सम्भाव्यता

५.१ सदस्य केन्द्रीयताका आधारमा व्यावसायिक कारोवारको अनुगमन

५.२ सदस्यहरुको संरक्षण सुनिश्चित गर्ने आधारहरु

५.३ कारोवारहरुबाट हुने बचतको प्रक्षेपण

६.पुँजी आवश्यकता र स्रोत

६.१ आवश्यकताको अनुगमन

६.२ स्रोत

६.३ पूँजी परिचालनका तर्कसम्मत आधारहरु

७. बजार विश्लेषण

७.१ नजिकको बजार

७.२ टाढाको बजार

७.३ प्रतिस्पर्धाको स्तर र प्रतिस्पर्धामा रहिरहने आधारहरु

८. कार्य क्षेत्रभित्र रहेका समान प्रकृतिका सहकारी संस्थाहरुको संख्या सेवा र सदस्यताको प्रकारमा प्रस्तावित संस्थाको औचित्य

९. पहिले स्थापना भइसकेका समान प्रकृतिका संस्थाहरुमा संलग्न हुन नसक्ने कारण

१०. महिला सशक्तीकरण र सामाजिक समावेशीकरणका आयामहरु जनशक्ति व्यवस्था

११. जनशक्ति व्यवस्था

१२. संस्थाको विकास र स्थायित्वका आधारहरु

भीमप्रसाद ढुंगाना
नगर प्रमुख

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी, धादिङ
बागमती प्रदेश, नेपाल

# अनुसूची-२

## (नियम ५ (ख) र नियम ११ (५) (क) सँग सम्बन्धित)

## आवेदकहरुको विवरण फारमको ढाँचा

| क्र. स. | बाजेको नाम थर | बाबुको नाम थर | पति वा पत्नीको नाम थर | उमेर | ठेगाना | पेसा | सदस्यले लिन स्वीकार गरेको शेयरको विवरण | | | सम्पर्क नं | औंठा छाप | फोटो र फोटोमा पर्ने गरी सहि छाप |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

नगर प्रमुख

अनुसुची-३

(नियम ५ (ग) र नियम ११ को ५ (ख) सँग सम्बन्धित)

## भावी योजना र कार्यक्रम

संस्थाको नामः-

ठेगानाः-

क. उदेश्यः-

१.------- ----------- ----------- ---------- ---------

२.------- --------- ----------- ----------- -------

३.------- -------- ------------ ---------- --------

ख. कार्यहरुः-

१. ------ ------- -------- -------------------- ------

२. ------------------------------------------------------

३. ---------------------------------------------------------

४. ------------------------------------------------------

५. ------------------------------------------------------

६. -------------------------------------------------------

७.-------------------------------------------------------

ग. आगामी तीन वर्षपछिको अवस्था प्रक्षेपण

१. सदस्यता विस्तार लक्ष्य

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| सदस्य संख्या | | | | |

नगर प्रमुख

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी, धादिङ
बागमती प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| सङ्घ/संस्था | | | | |
| महिला | | | | |
| पुरुष | | | | |
| जम्मा | | | | |
| जम्मा सदस्यमा दलित | | | | |

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| • सदस्य संख्यासङ्घ/संस्था | | | | |
| - परिमाण (......) | | | | |
| - रकम (रु.) | | | | |
| • लाभान्वित हुने सदस्य (जना) | | | | |

२.व्यावसायिक सेवा विस्तार लक्ष्य

| | | | | |
|---|---|---|---|---|
| सङ्घ/संस्थालाई वस्तु वा सेवा बिक्री | | | | |
| - परिमाण (......) | | | | |
| - रकम (रु.) | | | | |
| लाभान्वित हुने सदस्य (जना) | | | | |
| -सदस्य संस्थाका<br>सदस्यलाई रोजगारको अवसर सृजना<br>-प्रत्यक्ष पूर्णकालीन (जना)<br>-अप्रत्यक्ष पूर्णकालीन (वर्षमा २०८० घण्टाको १ जनाको हिसाबमा जम्मा जना) | | | | |
| सदस्य (संस्थाको सदस्य)लाई ऋण सेवा | | | | |

प्रसाद ढुंगाना
नगर प्रमुख

नगर कार्यपालिकाको कार्यालय
धादिङबेंशी, धादिङ
बागमती प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| (वार्षिक)<br>-रकमर (रु.)<br>-जना | | | | |
| सदस्य (संस्थाको सदस्य)लाई वार्षिक बचत सेवा मौज्दात<br>-रकमर रु.<br>-जना | | | | |

३. सहकारी गतिविधि विस्तार लक्ष्य

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| सदस्य शिक्षा (वार्षिक जना) | | | | |
| गाउँ टोल उपक्षेत्रीय सदस्य बैठकहरु आयोजना (वार्षिक पटक) | | | | |
| सामुदायिक विकासका योजनाहरु सञ्चालन | | | | |
| लाभान्वित हुने सदस्य (जना) | | | | |

घ. पुँजीको स्रोत र उपयोग

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| • आवश्यकता | | | | |
| **-स्थिर पुँजीतर्फ** (घर, जग्गा, कारखाना, उपकरण, फर्निचर आदि) | | | | |
| **-चालु पुँजीतर्फ** (मौज्दात, मालसामान, उधारो बिक्री, नगद मौज्दात आदि) | | | | |
| **-ऋण लगानीतर्फ** | | | | |

भीमप्रसाद ढुंगाना
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| -जम्मा | | | | |
| • स्रोत | | | | |
| **-शेयर** | | | | |
| -जगेडा कोष | | | | |
| -अन्य (-----) | | | | |
| सदस्यको बचत (सदस्यलाई ऋण दिन मात्र) | | | | |
| जम्मा | | | | |

**कार्यान्वयन जिम्मेवारी बाँडफाँड**

ङ. सञ्चालक समितिको जिम्मेवारी

च. लेखा सुपरिवेक्षण समितिको जिम्मेवारी

छ. व्यवस्थापन कर्मचारीहरुको जिम्मेवारी

ज. प्रत्येक सदस्यहरुको जिम्मेवारी

झ. कार्ययोजनाबाट सदस्य (संस्था सदस्य) हरुको जीवनमा पर्ने प्रभावका सूचकहरु

ञ. कार्यान्वयन प्रगतिको समीक्षा एवम जवाफदेही स्थापना विधि

## अनुसुची-४

### (नियम ५ (ङ) र नियम ११ (५) (घ) सँग सम्बन्धित)

### भरपाईको ढाँचा

प्रस्तावित ------- सहकारी संस्था लिमिटेडको तदर्थ सञ्चालक समितिका -------- श्री ---------- आगे उक्त सहकारी संस्था लिमिटेडका सदस्यहरुको ------- प्रारम्भिक भेलाको मिति -------- को निर्णयबमोजिम प्रति शेयर रु ----- का दरले --- जनाबाट जम्मा --- कित्ता हुनआउने जम्मा रकम रु ---- अक्षरेपी रुपैंया ----- मात्र) र प्रवेश शुल्क प्रतिव्यक्ति रु ---- का दरले हुन आउने रु --- अक्षरेपि ---- मात्र सहकारी संस्था दर्ता भएपछि संस्थाको नाममा बैङक खाता खोली जम्मा गर्ने कबोल गरी उक्त रकम मैले बुझिलिई यो भर्पाइ सहीछाप गरी ------ कार्यालयमा पेस गरेको छु। प्राप्त रकम हाल मेरो ----- मा रहेको --- हिसाव नं. ----- मा जम्मा गरी बैङ्क भौचर दाखिला गरेको छु। उक्त रकम संस्था दर्ता भई नियमानुसार संस्थाको आफ्नै खाता नखोलेसम्म चलन नगरी सुरक्षित राखेछु र संस्थाको बैङ्क खाता खोलेपछि तत्काल दाखिला गर्नेछु। अन्यथा भएमा कानुनबमोजिम कारबाही भोग्न मञ्जुर छु।

इति सम्वत् २०....साल --- महिना --- गते रोज --- शुभम्।

भीमप्रसाद ढुंगाना
नगर प्रमुख

अनुसुची-५

(नियम ५ (च) र नियम ११ (५) (ङ) सँग सम्बन्धित)

## तदर्थ सञ्चालक समितिका सदस्यहरुको विवरण फारामको ढाँचा

| क.स. | बाजेको नाम थर | बाबुको नाम थर | पति वा पत्नीको नाम थर | सञ्चालकको नाम थर | ठेगाना | पेसा | सम्पर्क नं. | औंठा छाप | फोटो र फोटोमा पर्ने गरी सहि छाप | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

# अनुसुची-६

## (नियम ५ (छ) र नियम ११ (५) (च) सँग सम्बन्धित)

### स्वघोषणा पत्रको ढाँचा

प्रस्तावित श्री ------- सहकारी संस्था लि. दर्ता गर्न दरखास्त दिने हामी तपसिलबमोजिमका आवेदकहरुले प्रचलित कानुनसम्मत सहकारी संस्था स्थापना गरी आपनो आर्थिक सामाजिक उत्थान गर्ने कार्य कारणबाहेक अन्य कुनै कार्य नभएको र देहायमा उल्लिखित कुराका साथै अन्य कुनै कुराले सहकारी संस्थाको सदस्यता प्राप्त गरी सेवा उपयोग गर्ने अयोग्य नभएको स्वघोषणा गर्दछौं। हामी आवेदकहरु कोही पनि -

- यही प्रकृतिको अन्य सहकारी संस्थाको सदस्य छैनौं,
- बैङ्क वित्तिय संस्था वा अन्य कुनै सहकारी संस्था /सङ्घ/बैङ्कको कानुनबमोजिम कालो सूचीमा परेका व्यक्ति हैनौं,
- यसअघि सहकारी संस्था खोली सदस्यहरुको रकम हिनामिना गरी कारबाहीमा परेका वा फरार रहेका व्यक्ति हैनौं,
- सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा सजाय पाएका व्यक्ति होईनौं, र
- सहकारी दर्शन सिद्धान्त, मुल्य, मान्यता र कानुनबमोजिम स्वाबलम्बन र पारस्परिकताको भावनाबाट आफ्नो बहुआयामिक विकासको लागि यस संस्थाको सञ्चालन गर्न मञ्जुर छौं। उल्लेखित बेहोरा ठीक साँचो हो। झुटा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला भनी सहीछाप गर्ने।

| क.स | आवेदकको नाम थर | नागरिकता नम्बर र लिएको जिल्ला | हालको ठेगाना र सम्पर्क नम्बर | सहीछाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

भीमप्रसाद ढुंगाना
नगर प्रमुख

अनुसुची-७

**(नियम ५ (ज) र नियम ११ (५) (छ) सँग सम्बन्धित**

**अधिकार प्रत्यायोजनपत्रको ढाँचा**

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी, धादिङ
बागमती प्रदेश, नेपाल

मिति : -----

श्री दर्ता गर्ने अधिकारी ज्यु,

-----------------------

विषय - अधिकार प्रत्यायोजन।

महोदय

यस प्रस्तावित ------- सहकारी संस्था /संघ/बैङ्क लि. को मिति २०------ मा बसेको दोस्रो प्रारम्भिक भेलाले गरेको निर्णयानुसार संस्था दर्ता गर्ने क्रममा प्रचलित कानुन बमोजिम प्रक्रिया पुरा गर्ने सिलसिलामा हाम्रो तर्फबाट विनियममा सामान्य थपगट गरी प्रमाणीकरण लगायतका आवश्यक कामकारवाही गर्न निम्नानुसारको दस्तखत नमुना भएका तदर्थ सञ्चालक समितिका श्री ---------- श्री --------- र श्री ---------- समेतलाई अधिकार प्रत्यायोजन गरिएको बेहोरा अनुरोध गर्दछौं। निजहरुले हाम्रो प्रतिनिधिको रुपमा गरेका सम्पूर्ण कामको जिम्मेवारी लिने गरी हामी मञ्जुर छौं

**अधिकार प्रत्यायोजन गरिएका व्यक्तिहरुको विवरण**

| क.स | नाम थर | ठेगाना | पद | दस्तखत नमुना |
|---|---|---|---|---|
| | श्री..... | | | |
| | श्री.... | | | |
| | श्री.... | | | |

नगर प्रमुख

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी, धादिङ
बागमती प्रदेश, नेपाल

आवेदकहरुः-

| क.स. | नाम थर | ठेगाना | पद | सहीछाप |
|---|---|---|---|---|
| | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

द्रस्टव्य : अधकिार प्रत्योजन पत्रमा आवेदक सबैकको विवरण समावेश गर्नुपर्नेछ।

भीमप्रसाद ढुंगाना
नगर प्रमुख

## अनुसुची-८

## (नियम ५ (ङ) र नियम ११ (५) (ठ) सँग सम्बन्धित

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी धादिङ
बागमती प्रदेश, नेपाल

### दर्ताको लागि आवेदन दिने सङ्घ वा संस्थाहरुको विवरण

| क.स. | आवेदक | संघ संस्थाको नाम | दर्ता नं र मिति | ठेगाना | विषयगत वर्गीकरण | कार्य क्षेत्र | सदस्य संख्या | शेयर पूँजी | जगेडा कोष | खरिद गर्ने शेयरको विवरण | | | आधिकारीक प्रतिनिधिको नाम थर | सही छाप | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | प्रति शेयर रकम रु | खरिद शेयर संख्या | शेयर को जम्मा रकम | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

भीमप्रसाद ढुंगाना
नगर प्रमुख

अनुसुची –९

(नियम ५ (ण) सँग सम्बन्धित)

वडा कार्यालयको सिफारिसपत्रको ढाँचा

नीलकण्ठ नगरपालिका नगर कार्यपालिकाको कार्यालय धादिङबेसी, धादिङ बागमती प्रदेश, नेपाल

मितिः -----

श्री सहकारी शाखा,

नीलकण्ठ नगरपालिका

विषय : सिफारिस सम्बन्धमा।

प्रस्तुत विषयमा नीलकण्ठ नगरपालिका वडा नं. --- स्थित कार्यालय स्थापना गरी तपसिलको विवरण अनुसारको सहकारी संस्था दर्ताको लागि सिफारिस माग भई आएकोले नियमानुसार दर्ता गरिदिनुहुन सिफारिस गरिन्छ।

**तपसिल :**

१. सहकारीको नामः- .........

२. सहकारीको किसिमः- .......

३. कार्यालय रहने ठेगानाः- ......

४. सहकारीको कार्य क्षेत्रः- .....

५. सदस्यहरुको सङ्ख्याः- .......

अनुसुची-१०

(नियम १० सँग सम्बन्धित)

विनियममा उल्लेख गर्नुपर्ने विषयहरु

प्रस्तावना

१. संक्षिप्त नाम र प्रारम्भ

२. संस्थाको नाम र ठेगाना

३. परिभाषा

४. उद्धेश्य

५. कार्य

६. कार्यक्षेत्र

७. संस्थाको सदस्य

८. सदस्यताको योग्यता

९. सदस्यताका लागि निवेदन र प्राप्ति

१०. सदस्यताको अन्त्य

११. सदस्यताको निष्कासन

१२. सदस्यताबाट राजिनामा

१३. पुनःसदस्यता

१४. सदस्यको काम कर्तव्य र अधिकार

१५. सदस्यता खुल्ला रहने

१६. सदस्यता प्राप्ति र राजिनामा स्वैच्छिक हुनुपर्ने

१७. शेयर पुँजी

१८. सदस्य बन्न कम्तिमा एक शेयर खरिद गर्नुपर्ने

१९. थप शेयर खरिद गर्न सक्ने

...प्रसाद ढुंगाना
नगर प्रमुख

२०. शेयर फिर्ता वा हस्तान्तरण

२१. प्रवेश शुल्क

२२. कृतिम छेकवार नलगाईने

२३. शेयर प्रमाणपत्र

२४. सदस्यको दायित्य सिमित हुने

२५. प्रारम्भिक साधारण सभा

२६. वार्षिक साधारण सभा

२७. विशेष साधारण सभा

२८. साधारण सभाको वैठक

२९. साधारण सभाको काम कर्तव्य र अधिकार

३०. साधारण सभाको निर्णय अनिवार्य

३१. गाउँ/टोल/उपक्षेत्रीय बैठक

३२. गाउँ /टोल/उपक्षेत्रीय बैठकको कार्यहरु

३३. गाउँ /टोल /उपक्षेत्रीय बैठकको कार्यव्यवस्था

३४. सञ्चालक समिति

३५.समितिको काम कर्तव्य र अधिकार

३६. समितिको वैठक

३७. लेखा सुपरिवेक्षक समिति

३८. उतरदायित्य शृङखला

३९. अध्यक्षको का कर्तव्य र अधिकार

४०. व्यवस्थापकको नियुक्ति

४१. व्यवस्थापकको काम  कर्तव्य रअधिकार

४२. विशेष जिम्वारी

भीमप्रसाद ढुंगाना
नगर प्रमुख

४३. कर्मचारीको नियुक्ति तथा स्वाका सर्त

४४. संस्थाको कोष

४५. कोषको सुरक्षा

४६. कोषको उपयोग

४७. जगेडा कोष

४८. संरक्षित पुँजी फिर्ता

४९. लाभांश वितरण नगरिने

५०. जगेडा कोषमा रकम सार्नुपर्ने

५१. बचत सङ्कलन गर्न सक्ने/नसक्ने

५२. बचत सङ्कलनमा सीमा

५३. ऋण दिन सक्ने

५४. ऋण प्रवाहमा सीमा

५५. ऋणबाहेकको प्रयोजनमा बचतको रकम लगाउन नहुने

५६. साधारण सभाको स्वीकृत लिनुपर्ने

५७. सदस्य केन्द्रीयता

५८. स्वार्थ बाझिने निर्णयमा सहभागितामा प्रतिबन्ध

५९. कर्मचारीसँग कारोबारमा निर्बन्धन

६०. जोखिम मूल्याङ्कन

६१. कारोबार नगरिने

६२. कारोबारको लेखा

६३. खाताबही

६४. आन्तरिक हिसाब जाँच

६५. वार्षिक हिसाब जाँच

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी, धादिङ
बागमती प्रदेश, नेपाल

प्रसाद ढुंगाना
नगर प्रमुख

६६. विद्युतीय प्रणालीको प्रयोग गर्दा जोखिम मूल्याङ्कन गर्नुपर्ने

६७. अन्य आधारभूत कागजात

६८. एकीकृत सुचना प्रणालीमा आवद्धता

६९. दर्ता गर्न अधिकारी समक्ष प्रतिवेदन

७०. वित्तिय जानकारी एकाइमा प्रतिवेदन

७१. साधारण सभामा जानकारी गराउनुपर्ने

७२. हकवालाको मनोनयन

७३. हकदाबी वा नामसारी

७४. निर्वाचन

७५. शपथ ग्रहण

७६. एकीकरण वा विभाजन

७७. कार्यान्वयन अधिकारी

७८. मध्यस्थता

७९. समानता र समता

८०. विनियम संशोधन

८१. साधारण सभाले कार्यविधि बनाउन सक्ने

८२. व्याख्या गर्ने अधिकार

८३. ऐन नियमावलीसँग बाझिएकोमा अमान्य हुने

.........................
भीमप्रसाद ढुंगाना
नगर प्रमुख

**प्रमाणित गर्नेः-**

भीमप्रसाद ढुंगाना

नगर प्रमुख

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी, धादिङ
बागमती प्रदेश, नेपाल